
असार – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष २५, अङ्क ६ | २०७३, असार १६–३१ | पूर्णाङ्क ५७६ |
| --- | --- | --- |



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन न. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.न. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्बबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**
शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री लक्ष्मण वि.क.
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**
डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**
सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| पूर्ण इजलास | ३ |
| संयुक्त इजलास | ११ |
| इजलास नं. १ | १० |
| इजलास नं. २ | ८ |
| इजलास नं. ३ | १० |
| इजलास नं. ४ | २ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | २ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | १ |
| एकल इजलास | १ |
| जम्मा | ५३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, असार – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१-६** |
| १. | मिनाहा गराई हरहिसाब गराइपाउँ | तिलकराज थापा वि. जिल्ला विकास समितिको कार्यालय, रूपन्देही | |
| २. | निषेधाज्ञा / परमादेश | तिलकराज थापा वि. जिल्ला विकास समिति, रूपन्देही | |
| ३. | भ्रष्टाचार | विनोदकुमार नेपालसमेत वि. नेपाल सरकार | |
| **संयुक्त इजलास** | | | **६-१७** |
| ४. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. कुन्दन भन्ने कुञ्ज शर्मासमेत | |
| ५. | उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा | अधिवक्ता शम्भु थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| ६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनिराम पोखरेल | |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सरेशबहादुर कुमाल | |
| ८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जङ्गबहादुर खत्री | |
| ९. | उत्प्रेषण / परमादेश | पार्वतीदेवी श्रेष्ठ वि. धरान नगरपालिका कार्यालय, धरान सुनरीसमेत | |
| १०. | निषेधाज्ञा / परमादेश | पासाङ फुटी शेर्पा वि. चन्द्रकुमारी निरौलासमेत | |
| ११. | उत्प्रेषण / परमादेश | खिमनाथ योगी वि. मोहनलाल चौधरीसमेत | |
| १२. | उत्प्रेषण / प्रतिषेध / निषेधाज्ञा | अख्तर जोलाहसमेत वि. नेपालगन्ज नगरपालिका कार्यालय, बाँकेसमेत | |
| १३. | निषेधाज्ञा | जीवन निरौला वि. रमेश श्रेष्ठसमेत | |

| | | |
|---|---|---|
| १४. | निषेधाज्ञा | अमरबहादुर श्रेष्ठसमेत वि. मनोजकुमार खड्का |
| **इजलास नं.१** | | **१७-२६** |
| १५. | लेनदेन | कृष्णबहादुर खत्री वि. भोजबहादुर थापा |
| १६. | मोही नामसारी | उपेन्द्र चौधरी वि. बृजकिशोर साह तेली |
| १७. | विद्यालयको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. नविनकुमार सिंह |
| १८. | लागु औषध (खैरो हेरोइन) | नेपाल सरकार वि. प्रकाश भन्ने प्रेमलाल तामाङ |
| १९. | परमादेश | राजेश्वर पण्डित वि. जिल्ला शिक्षा कार्यालय, पर्सा वीरगञ्जसमेत |
| २०. | निषेधाज्ञा | दीपक थापा वि. प्रभाष आचार्यसमेत |
| २१. | अंश चलन | बिजुला खतिवडा वि. शम्भुप्रसाद खतिवडासमेत |
| २२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दीपेन्द्र विपिन भन्ने बिपिन सुतिहार |
| २३. | भ्रष्टाचार | नेपाल सरकार वि. प्रेमप्रसाद सुवेदीसमेत |
| २४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ओम भन्ने अनिल घर्तीमगरसमेत |
| **इजलास नं. २** | | **२६-२९** |
| २५. | हालसाबिक दर्ता | जयप्रसाद रेग्मी वि. किरण शाहीसमेत |
| २६. | मापदण्ड विपरीत भवन निर्माण गरेको | पदमकुमार मैनाली वि. चुनचुनकुमारी |
| २७. | परमादेश | पारसनाथ विश्वकर्मा वि. हरिलाल बढैसमेत |
| **इजलास नं. ३** | | **२९-३६** |
| २८. | कर्तव्य ज्यान | माया चौधरी वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| २९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. शिमु भन्ने लोकजङ्ग घर्तीसमेत |
| ३०. | दर्ता बदर दर्ता | अमरावती देवी वि. रामसेवक दास वैष्णव |
| ३१. | जग्गा खिचोला छोडाई चलन | फुलमतीदेवी दुसाधिन वि. जग हजारा दुसाद |
| ३२. | चेक बमोजिमको रकम दिलाई भराई पाऊँ | अन्जली प्रधान (शाह) वि. कन्टिनेन्टल मार्केटिङ प्रा.लि. |
| ३३. | लेनदेन | केदारमान राजभण्डारीसमेत वि. सोमध्वज विक्रम थापा |
| ३४. | कर्तव्य ज्यान | रमेश आलेमगर वि. नेपाल सरकार |
| ३५. | कर्तव्य ज्यान | काजी भन्ने दिपबहादुर राई वि. नेपाल सरकार |
| ३६. | लागु औषध (खैरो हेरोइन) | शिवजी कलवार वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ३७. | बन्दी प्रत्यक्षीकरण | सविताकुमारी गुप्ता सापकोटा वि. कारागार कार्यालय, इलामसमेत |
| **इजलास नं. ४** | | **३६-३८** |
| ३८. | उत्प्रेषण | वीरेन्द्रकुमार चौधरी वि. सुपथ मूल्यको सहकारी पसल जिल्ला व्यवस्थापन तथा अनुगमन समिति जिल्ला कृषि विकास कार्यालय, महोत्तरी जलेश्वरसमेत |
| ३९. | कर्तव्य ज्यान | शेरे भन्ने शेरबहादुर थापासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सुनवीर थापासमेत |
| **इजलास नं. ५** | | **३८-४०** |
| ४०. | उत्प्रेषण | शान्ति खरेलसमेत वि. गोपीकृष्ण खरेलसमेत |
| ४१. | उत्प्रेषण / परमादेश | खिमबहादुर वि.क.समेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत |
| ४२. | आगो लगाई कर्तव्य ज्यान | नेपाल सरकार वि. केशवबहादुर खत्री |

| इजलास नं. ६ | | | ४०-४१ |
|---|---|---|---|
| ४३. | कर्तव्य ज्यान | गणेशी मन्डल वि. नेपाल सरकार | |
| ४४. | लेनदेन | रामकिशन चौधरी वि. विपतराम चौधरी | |
| **इजलास नं.७** | | | **४१-४३** |
| ४५. | अदालतको अवहेलना | मुनिलाल चौधरी वि. कृषि विकास मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | |
| ४६. | उत्प्रेषण | अनिताकुमारी साहसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत | |

| इजलास नं.८ | | | ४३ |
|---|---|---|---|
| ४७. | अदालतको अवहेलना | भीमाकुमारी सापकोटा वि. माधवप्रसाद उप्रेती | |
| **एकल इजलास** | | | **४३-४४** |
| ४८. | उत्प्रेषण / परमादेश | नवलकिशोर सिंह वि. ललितपुर जिल्ला ललितपुर उप.म.न.पा., वडा नं. १, कुपण्डोलस्थित बिमा समिति, पदपूर्ति समितिसमेत | |

## पूर्ण इजलास

### १

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-NF-००२४, मिनाहा गराई हरहिसाब गराइपाउँ, *जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. १३ बैंकरोडस्थित थापा एन्ड शर्मा जनरल अर्डर सप्लायर्सका अधिकारप्राप्त प्रोपराइटर तिलकराज थापा वि. जिल्ला विकास समितिको कार्यालय, रूपन्देही*

करार गर्दाका बखत तत्काल देखिएका कुराहरू सम्झौतामा उल्लेख हुन सम्भव भए पनि तत्काल नदेखिएका अनिश्चित कुराहरू उल्लेख हुन् सम्भव हुँदैन । सोही कुरालाई मध्यनजर राखी सम्झौता पत्रमा उल्लेख नभएका कुराहरू प्रचलित कानूनबमोजिम हुने छ भनी सम्झौताको सर्त नं. २० मा उल्लेख भएको देखिन्छ । काम हुन नसकेको दिनको हुने रकम वादीले मिनाहा माग गरेको तथा सम्झौतामा रकम मिनाहाको कुरा उल्लेख नभएको हुँदा रकम मिनाहा हुने नहुने भन्नेसम्बन्धमा प्रचलित कानूनबमोजिम विवादको निरूपण हुनुपर्ने देखियो । यसरी सम्झौताको सर्त नं. ६ मा उल्लिखित कुराले प्रचलित कानूनबमोजिमको उपचारलाई निषिद्ध गर्नसक्छ भन्न मिलेन । कबुलियतनामामा उल्लेख नभएका कुराहरूको हकमा प्रचलित कानूनबमोजिम हुने भनी उल्लेख भएकै हुँदा वादी प्रतिवादीको बिचमा भएको सामान्य परिस्थितिको सम्झौताको हकमा विशेष परिस्थिति आई परेबाट करार ऐन, २०५६ को दफा ८० बमोजिम माग गरिएको सुविधालाई सम्झौताविपरीत भन्नु न्यायोचित नहुने ।

करार हुँदाको अवस्थामा करारको अवधिभर निर्बाध काम गर्न सकिन्छ भन्ने अनुमान गरी करार भएकोमा बिचैमा आइपरेको विषम परिस्थितिबाट करार कार्यान्वयनमा बाधा उत्पन्न भएको कारण वादी पक्षले सुविधा माग गरेको देखिन्छ । **करार ऐन, २०५६ को दफा ८० मा करारको एकपक्षले अर्का पक्षलाई आफ्नो तर्फबाट करारको परिपालना गर्न सुविधा दिनुपर्ने छ त्यस्तो सुविधा नदिएको कारणबाट करारको परिपालना हुन सकेन भने त्यसरी परिपालना नगर्ने पक्ष उत्तरदायी हुने छैन** भन्ने कानूनी व्यवस्था रहेको देखिने ।

करार ऐन, २०५६ को दफा ७९ अनुसार करार गर्दाको अवस्थामा आधारभूत परिवर्तन भई करारको परिपालना गर्न सम्भव नभएमा करारबमोजिमको काम गर्नु नपर्ने सुबिधाको व्यवस्था भएको देखिँदा करार ऐन, २०५६ को दफा ७९ को प्रत्यक्ष सम्बन्ध दफा ८० सँग रहेको देखिन्छ । तत्कालीन अवस्थामा मुलुकमा विद्यमान राजनीतिक अस्थिरताको कारण उत्पन्न विषम परिस्थितिबाट काबुबाहिरको स्थिति सिर्जना भएको र यस्तो स्थिति हटाउन असम्भव भएको कारणबाट आफ्नोतर्फबाट करारको परिपालना गर्न मिनाहा सुविधा माग गरेकोलाई अन्यथा भन्न नमिल्ने ।

**आर्थिक ऐन, २०५५ को दफा २९ मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐनअन्तर्गत उठ्न नसकेको सरकारी बाँकी रकम, प्राकृतिक प्रकोप दुर्घटना वा आफ्नो काबुबाहिरको परिस्थितिले गर्दा तथा सुक्खा जर्ति भई वा खिएर वा सडेर गई वा अन्य कारणबाट सरकारी हानि नोक्सानी हुन गएको वा कानूनबमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा तोकिएबमोजिमको कार्यविधि अपनाई नेपाल सरकारले मिनाहा दिन सक्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यसरी काबुबाहिरको अवस्था आइपरेको परिस्थितिमा उठ्न नसकेको रकम मिनाहा पाउने कानूनी व्यवस्थासमेत रहेको देखिने ।

वस्तुत हड्ताल वा तालाबन्दीको हकमा

करार ऐन, २०५६ को दफा ७९ को व्यवस्था आकर्षित हुने हो । प्रस्तुत मुद्दामा तालाबन्दीको तथा पक्ष वा विपक्षको संगठनभित्रको हड्तालको प्रश्न छैन । हडतालका सम्बन्धमा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा २(ख) मा परिभाषा गरिएको छ । उक्त परिभाषामा **"हडताल भन्नाले कुनै आवश्यक सेवामा काम लगाई राखिएको वा काममा नियुक्त गरिएका व्यक्ति समूहमध्ये सबै वा केही जवानले पूर्वआयोजनाद्वारा वा एकमत गरी सामूहिकरूपबाट सो काम बन्द गरेको वा सो काम गर्न वा चालु राख्न इन्कार गरेको सम्झनुपर्छ"** भन्ने उल्लेख छ । प्रस्तुत विवादमा सोबमोजिमको परिभाषाभित्रका हडताल भएको भन्ने अवस्था छैन । निवेदक वा निजको संगठनभित्रको विवाद भइ वा पक्ष विपक्ष बिचको विवाद भई हडताल वा तालाबन्दी भई त्यसको प्रभाव प्रस्तुत करारको कार्यान्वयनको समस्या आएको भए एउटा कुरा हो । तर निवेदक र विपक्षीबिच आफूभित्र कुनै हडताल वा तालाबन्दी भएको नभई जिल्लाभित्र अन्य तत्त्वहरूले गरेको अवरोधजन्य कार्यले यातायात बन्द भएको स्थिति देखिन्छ । यसको फलस्वरूप करारलाई प्रभावित गरेको देखिने ।

प्रस्तुत विवादमा वादीले पटकपटक गरी बन्द भएको भनी ४५ दिनको रकम मिनाहाको दाबी गरेको भए तापनि सोमध्ये प्रथम पटक माग गरेको दिन २८ बन्द भएको तथ्यलाई स्वीकार गरेको जिल्ला विकास समितिले मिति २०६१।१।११ मा स्थानीय विकास मन्त्रालयलाई लेखेको पत्र व्यहोरासमेतबाट देखिन आएको हुँदा वादी दाबीबमोजिम उक्त २८ दिन मिन्हा दिनुपर्नेमा सो नदिने ठहर्‍याएको यस अदालत संयुक्त इजलासको फैसला सो हदसम्म मनासिब देखिन नआउने ।

बन्द भएको २८ दिन बराबरको समानुपातिक रूपमा हुन आउने ठेक्का रकम वादीलाई मिनाहा दिनुपर्ने र वादीले जिल्ला विकास समितिलाई बुझाएको रकमको यथोचित हरहिसाब गरी एक अर्कालाई दिनुपर्ने रकम यकिन गर्नुपर्ने ठहर्छ । बन्द भएको २८ दिन बराबरको समानुपातिकरूपमा हुन आउने ठेक्का रकम वादीलाई मिनाहा दिई जिल्ला विकास समितिलाई वादीले बुझाएको रकमको हरहिसाब गरी पाउने ठहर गर्नुपर्नेमा उपर्युक्तानुसार नगरेको हदसम्म सुरू जिल्ला अदालत, पुनरावेदन अदालत र यस अदालतको संयुक्त इजलासको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम् ।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-NF-००२५, निषेधाज्ञा / परमादेश, *जिल्ला रूपन्देही सिद्धार्थनगर नगरपालिका वडा नं. १३ बैंकरोड स्थित थापा एन्ड शर्मा जनरल अर्डर सप्लायर्सका अधिकारप्राप्त प्रोपराइटर तिलकराज थापा वि. जिल्ला विकास समिति, रूपन्देही*

निवेदक थापा एन्ड शर्मा जनरल अर्डर सप्लार्यसबिच आ.व. ०६०।०६१ का लागि ठेक्का सम्झौता भएकोमा विवाद छैन । उक्त सम्झौताबमोजिम निवेदकले रू. १,९५,००,०००। को बैंक जमानत राखेको देखिन्छ । उक्त जमानतको अवधि October 15, 2004 सम्म मात्र रहेको देखिन्छ । विपक्षी जिल्ला विकास समितिले यी निवेदकले बैंक जमानतबापत राखेको रकमबाट रू. १,०५,००,०००।– जिल्ला विकास समितिका नाममा चेक खिची पठाउन बुटवल फाइनान्स लि. लाई लेखी पठाएको भए तापनि सोअनुसार रकम फिर्ता पठाएको भन्ने देखिँदैन । उक्त बैंक ग्यारेन्टीको अवधि १५ Oct. २००४ अर्थात् ०६१।६।२९ सम्म रहेको देखिँदा सो अवधि व्यतित

भइसकेपछि उक्त बैंक ग्यारेन्टी स्वतः बदर हुन्छ। बैंक जमानतको अवधि नाघेपछि हितग्राहीबाट रकम दाबी गर्न नमिल्ने एवम् बैंकले समेत भुक्तानीको दाबी स्वीकार नगर्ने बैंकिङ अभ्यास र परम्परा रहेको देखिन्छ । यसरी बैंक ग्यारेन्टीको अवधि समाप्त भइसकेपछि भुक्तानी हुन नसक्ने हुँदा बैंक ग्यारेन्टीको प्रयोजन नै समाप्त भएको देखियो । निष्क्रिय भइसकेको बैंक जमानतबाट रकम भुक्तानी नदिनु भनी अदालतबाट आदेश गर्नु असान्दर्भिकसमेत हुने ।

निवेदकको बैंक ग्यारेन्टीको अवधि नै व्यतित भई जिल्ला विकास समितिले रकम दाबी गर्न पाउने स्थिति नदेखिँदा निवेदकले गरेको आशङ्काको अवस्था विद्यमान रहेको देखिएन । यस अवस्थामा निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलको फैसला सदर गरेको यस अदालतको संयुक्त इजलासको मिति २०६६।८।१९ को फैसला सो हदसम्म मनासिब भए पनि उक्त फैसलाको ठहर खण्डमा **"तर सो फैसलाको ठहर खण्डमा उल्लिखित ग्यारेन्टीको अवधिनै व्यतित भई सो ग्यारेन्टीबाट अब रकम जिल्ला विकास समितिले पाउन सक्ने स्थिति नै नदेखिँदा भन्ने वाक्यांश असान्दर्भिक देखिँदा सो वाक्यांशको हदसम्म ठहर खण्डमा बढी लेखिन गएकोले हटाई दिएको छ"** भनी लेखिन गएको वाक्यांश कायम रहन सक्ने नदेखिँदा उक्त वाक्यांश हटाइदिएको छ । सो बढी लेखिन गएको वाक्यांशको हदसम्म यस अदालतको संयुक्त इजलासको फैसला केही उल्टी हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ, मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CF-००२६, ००२७, ००३०, ००३१, ००३२, ००३३, भ्रष्टाचार, *विनोदकुमार नेपाल वि. नेपाल सरकार, टोलनाथ घिमिरे वि. नेपाल सरकार, प्रेमहरि ढकाल वि. नेपाल सरकार, द्रोणराज सापकोटा वि. नेपाल सरकार, गिरीराज खनाल वि. नेपाल सरकार, नेपाल सरकार वि. द्रोणराज सापकोटासमेत*

भ्रष्टाचारको कसुर प्रमाणित हुनको लागि **आफू वा कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुर्‍याउने बद्नियत लिई उक्त कार्य गरिएको भन्ने देखिनु पर्ने र सोको पुष्टिसमेत हुनुपर्ने हुन्छ ।** बदनियतपूर्ण तवरले आफूले गैरकानूनी लाभ र अर्कालाई गैरकानूनी हानि पुग्न गएको देखिन्छ भने सो कार्य भ्रष्टाचारजन्य फौजदारी प्रकृतिको अपराध हुन जान्छ । प्रस्तुत मुद्दामा प्रतिवादी द्रोणराज सापकोटाले बैंकलाई गैरकानूनी हानि नोक्सानी पुर्‍याई आफूलाई गैरकानूनी लाभ पुर्‍याउने दूषित मनसाय लिई किर्ते कागजात तयार गरी गराई चार किल्लासमेत प्रमाणित गराई राष्ट्रिय वाणिज्य बैंकका कर्मचारी गिरीराज खनालसमेतको मिलेमतोमा धितोको जग्गाको अधिकतम मूल्याङ्कन गराई उक्त बैंकबाट रू. ११ लाख कर्जा लिएपश्चात् मालपोत कार्यालयका कर्मचारीसमेतको सहयोगबाट रोक्का फुकुवाको पत्र लेखाई सोही जग्गालाई पुनः धितोमा राखी कृषि विकास बैंकबाट रू. ३ लाख ऋण लिएका र सो दुवै बैंकबाट लिएको ऋण खाने पचाउने नियतले उक्त जग्गा केशव महर्जनलाई बिक्रीसमेत गरेको देखिन आयो । बैंकलाई डुबाउने नियत थिएन भनी अदालतमा बयान गरेको आधारमा मात्र निजको उक्त कार्य भ्रष्टाचारजन्य कार्य होइन भन्न मिल्दैन । तसर्थ यी प्रतिवादीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ अन्तर्गतको कसुर अपराध पुष्टि हुन आउने ।

आफूलाई गैरकानूनी लाभ पुर्‍याउने दुषित मनसाय लिई बद्नियतपूर्ण तवरबाट एक निकायमा रोक्का रहेको जग्गा सो निकायबाट फुकुवा नहुँदै अर्को निकायमा रोक्का राखी जालसाजी गरेको तथा रोक्का

रहेको जग्गा नै अन्य तेस्रो व्यक्तिका नाममा रजिस्ट्रेसन पारित गरिदिएको लिखत बदरका लागि परेको मुद्दामा भएको फैसलालाई एउटै विषय भन्न मिल्ने नदेखिने।

स्थलगत निरीक्षण गर्नुपर्नाको मुख्य कारण ऋण प्रवाह गर्दा सो ऋण साँवा ब्याजसहित उठ्न सक्छ वा सक्दैन, ऋणीले ऋण नतिरेमा सो धितोबाट उक्त ऋण साँवा ब्याजसहित असुलउपर गर्न सकिन्छ सकिँदैन भन्ने जस्ता कुराहरूको मूल्याङ्कन गर्नु हो। आफ्नो संस्थाबाट प्रवाह गरेको ऋण असुलउपर हुन सक्छ सक्दैन भन्नेतर्फ विचार नगरी स्थानीय भद्रभलादमीलाई बुझ्दै नबुझी, धितो राख्ने जग्गाको पञ्चकिर्ते मूल्याङ्कनमा किर्ते व्यक्तिहरू राखी दस्तखत गरेको भन्ने सो मुचुल्काको रोहवरमा बसेका भनिएका मानिसहरू किसनबहादुर, उदय रिमाल तथा शक्तिप्रसाद सापकोटासमेतले अदालतमा आई कागज गरिदिई मुचुल्काको रोहबरमा संलग्नता रहेकोमा इन्कार गरेको अवस्थामा झुठो मुचुल्का तयार गरेको भन्नु पर्ने।

स्थलगत निरीक्षणबाट धितोको जग्गाले राजमार्गलाई छोएको थियो थिएन भन्ने कुरा यकिन गर्न नसकिने हुँदैन। तर प्रतिवादी गिरीराज खनालको माथि विवेचित कार्य प्रकृतिबाट निजले मनसायपूर्ण तवरबाट बैंकलाई गैरकानूनीरूपमा हानि हुने र ऋणी द्रोणराज सापकोटालाई गैरकानूनी लाभ पुर्‍याउने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसुर अपराध गरेको भन्ने पुष्टि हुँदा अभियोग दाबीबाट सफाई पाउँ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

बैंकबाट ऋण लगानी गर्दा सो ऋण साँवा ब्याजसहित उठ्न सक्छ वा सक्दैन भन्ने सन्दर्भमा ऋणीको हैसियत, ख्याति हेरिनु उपयुक्त हुने भए पनि ऋणी द्रोणराज पहिलेदेखि नै राष्ट्रिय वाणिज्य बैंकका ऋणीको रूपमा रहेका भन्ने देखिएको र कर्जाको लागि स्थानीय निकायका पदाधिकारीबाट प्रमाणितसमेत भई पेस भएका कागजात र कर्जा प्रवाह गर्नुभन्दा अगाडि फिल्ड निरीक्षण गरी धितोको जग्गाको सम्बन्धमा यकिन गरी मूल्याङ्कनसमेत भई आएको अवस्थामा शङ्का गर्नुपर्ने भनी अर्थ गर्न पनि उचित नदेखिने।

भ्रष्टाचारको कसुर प्रमाणित हुनको लागि मनसाय तत्त्वको साथै बदनियतपूर्ण क्रियाबाट कार्य कारण भएको भन्ने प्रष्टरूपमा देखिनुपर्ने हुन्छ। यी प्रतिवादी प्रेमहरि ढकालले कर्जा प्रवाह गर्दा भ्रष्टाचार गरी ऋणीलाई र आफूसमेतलाई गैरकानूनी फाइदा पुर्‍याउने तथा बैंकलाई गैरकानूनी हानि पुर्‍याउने कार्य गरेका भनी अभियोग लिँदैमा सो पुष्टि हुने होइन। निजले के कस्तो कार्य गरी भ्रष्टाचार गरे भन्ने पुष्टि गर्ने जिम्मेवारी वादी पक्षको हुन्छ। तर वादीले यी प्रतिवादीले भ्रष्टाचारजन्य कार्य गरे भनी अभियोग लिए पनि सो अभियोग दाबी खम्बिर हुने प्रमाण गुजार्न सकेको पनि देखिँदैन। यी प्रतिवादीले भ्रष्टाचारजन्य कार्य गरी रिसवत लिए खाएको पनि नदेखिएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको कसुर गरेको भन्ने पुष्टि गर्ने ठोस र तथ्ययुक्त प्रमाणको अभावमा सह प्रतिवादीहरूको पोलकै आधारमा मात्र निज कसुरदार हुन् भनी ठहर गर्न मिल्ने नदेखिँदा निजलाई कसुरदार ठहर गर्न नमिल्ने।

राष्ट्रिय वाणिज्य बैंकको कर्जा प्रवाह व्यवस्थापन प्रणाली, २०५० मा प्रबन्धकको हैसियतले कर्जा स्वीकृति गर्दा ऋणीले पेस गरेको कागजातको सम्बन्धमा कुनै शङ्का उत्पन्न भए वा द्विविधा भएको अवस्थामा गोप्य रूपमा छानबिन गर्न सकिने भन्ने व्यवस्था रहेको भनी बहसको क्रममा खुल्न आएबाट कर्जा प्रवाह गर्दा गोप्य जाँचबुझ गर्ने कार्यलाई बाध्यात्मक गरिएको भन्ने देखिएन। प्रतिवादी ऋणी द्रोणराज सापकोटाले पहिलेदेखि नै राष्ट्रिय वाणिज्य बैंकसँग कर्जा कारोबार गर्दै आएको अवस्थामा गोप्य जाँचबुझ नगरेको भन्ने आधारमा मात्र निज विनोदकुमार नेपाललाई दोषी ठहर गर्न मिल्ने हुँदैन। प्रतिवादी विनोदकुमारले कर्जा लगानी गर्दा कर्जा

व्यवस्थापन प्रणाली, २०५० को कार्यविधिको यो व्यवस्थालाई छलेर गरेको भनी वादी पक्षबाट खुलाउन सकेको अवस्था पनि देखिन आउँदैन। यी प्रतिवादीको ओहोदा र कार्य विवरणबाट यी प्रतिवादी स्वयम्ले स्थलगत निरीक्षण गर्नुपर्ने जिम्मेवार व्यक्तिसमेत नभएको र आफ्नो मातहतका कर्मचारीद्वारा स्थलगत निरीक्षण गराई धितोको जग्गाको मूल्याङ्कनसमेत गरी पेस भएको प्रतिवेदनको आधारमा सहायक प्रबन्धकद्वारा पेस हुन आएको सिफारिसको आधारमा कर्जा प्रवाहका लागि केन्द्रीय कार्यालयमा सिफारिस गरेको कार्यमा निज विनोदकुमारको यो यस्तो बद्नियत थियो भनी पुष्टि गर्ने वस्तुनिष्ठ प्रमाण वादीपक्षबाट पेस हुन सकेकोसमेत नदेखिएको अवस्थामा शङ्काको भरमा निजलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिने।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले प्रदान गरेको अधिकार प्रयोग गरी स्थानीय जनप्रतिनिधिको हैसियतले स्थानीय बासिन्दाको भलाइका लागि कुनै बद्नियत नचिताई जग्गाको नक्सा तथा प्रमाणित ब्लू प्रिन्टसमेत राखी दिएको निवेदनका आधारमा जो जससँग सम्बन्धित छ भनी धितोको जग्गाको चारकिल्ला प्रमाणित गरिदिएको भन्ने देखिन्छ। सो चारकिल्ला प्रमाणित गर्दा यी प्रतिवादीले गलत मनसाय लिएको भनी पुष्टि हुने कुनै तथ्ययुक्त ठोस प्रमाण वादीपक्षबाट पेस हुन सकेको पाइँदैन। प्रतिवादी द्रोणराज सापकोटाले अधिकारप्राप्त अधिकारी तथा अदालतको बयानमा उक्त चारकिल्ला प्रमाणित गराउँदा प्रतिवादी टोलनाथ घिमिरेलाई यो यस्तो किसिमको गलत प्रभाव पारेको थियो भनी भन्न लेखाउन सकेको पनि पाइँदैन । अन्य कुनै पनि सहप्रतिवादीहरूले उक्त चारकिल्ला प्रमाणित गर्दा बैंकको कर्जा डुबाउने बद्नियत लिई गलत मनसायले चारकिल्ला प्रमाणित गरिदिएका हुन् भनी पोल गर्नसमेत सकेको देखिँदैन । स्थानीय जनप्रतिनिधिले स्थानीय बासिन्दाद्वारा प्रमाणित नाप नक्सासमेत राखी पेस गरेका कागजातका आधारमा सिफारिस दिएको कार्यलाई बद्नियतपूर्ण तवरबाट भएको भन्ने पुष्टि गर्ने ठोस प्रमाण पेस हुन नसकेको अवस्थामा निजले गरेको कार्यलाई गलत मनसायले गरेको बद्नियतपूर्ण कार्य हो भनी अर्थ गर्न मिल्ने देखिँदैन। भ्रष्टाचारजन्य कसुर अपराध प्रमाणित गर्न आवश्यक पर्ने दूषित मनसाय र बद्नियत जस्ता माथि उल्लिखित तत्त्वहरू नै नदेखिएको अवस्थामा अनुमानको आधारमा कसुरदार ठहर गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन जाने।

साँवा रकममा मात्र दाबी लिई दायर भएको भ्रष्टाचार मुद्दाको रोहबाट अदालत आफैँले ब्याज रकम हिसाब गरी ब्याजसमेतको रकम भरिभराउ गर्नु भनी अदालतले भन्न मिल्ने नहुँदा ब्याज रकमतर्फ लिएको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

ऋणीबाट असुलउपर हुन नसकेमा बैंकका कर्मचारीबाट बिगो असुलउपर गर्नुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेको सम्बन्धमा हेर्दा धितोको जग्गा वाणिज्य बैंकको नाममा रोक्का रहेको भन्ने देखिएकोमा सो जग्गाबाट उक्त ऋण असुलउपर हुन सक्ने नसक्ने भन्ने सम्बन्धमा विचार गर्नुपर्ने हुन्छ। उक्त धितोको जग्गाबाट बैंकको ऋण असुलउपर हुन सक्दैन भन्न सकेको नदेखिएको अवस्थामा अनुमानको आधारमा उक्त जग्गाबाट ऋण असुलउपर हुन सक्दैन भनी कर्मचारीहरूलाई जिम्मेवार बनाउन मिल्दैन भने सो ऋण ऋणीबाटै असुलउपर गर्नु भनी सुरू अदालतले बोलिसकेको पाइन्छ। यस्तो अवस्थामा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

माथि विवेचित आधार कारण तथा प्रमाणहरूबाट प्रतिवादी द्रोणराज सापकोटा र गिरीराज खनालको अभियोग दाबी समर्थित भएको देखिएको हुँदा प्रतिवादी द्रोणराज सापकोटालाई भ्रष्टाचार

निवारण ऐन, २०१७ को दफा ८ अन्तर्गतको सम्म, प्रतिवादी गिरीराज खनाललाई ऐ. ऐनको दफा ७ (२) अन्तर्गतको सम्म कसुर अपराधसमेतका आधारमा प्रतिवादी द्रोणराज सापकोटालाई ऐ. ऐनको दफा २९ (१) बमोजिम गैरकानूनी हानि पुर्‍याएको बिगो रू. १४,००,०००। मध्ये रू. ११,००,०००।– राष्ट्रिय वाणिज्य बैंकलाई र रू. ३,००,०००।– कृषि विकास बैंकलाई भराई ऐ. ऐनको दफा ८ तथा २९(२) को प्रतिबन्धात्मक वाक्यांशअनुसार निज प्रतिवादीलाई बिगोबमोजिम रू. १४,००,०००।– जरिवाना हुने, प्रतिवादी गिरीराज खनाललाई ऐ. ऐनको दफा ७(२) तथा २९ (२) बमोजिम रू. ५०००।– जरिवाना हुने ठहर गरी भएको सुरू विशेष अदालतको मिति २०६२।१।१६ को फैसला सदर गरी भएको यस अदालतको संयुक्त इजलासको मिति २०६७।५।३० को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ।

प्रतिवादी विनोदकुमार नेपाल र प्रतिवादी टोलनाथ घिमिरेलाई सुरू विशेष अदालतबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) तथा २९(२) बमोजिम जनही रू. ५०००।– जरिवाना गर्ने गरी भएको सुरूको फैसला सो हदसम्म उल्टी गरी निज प्रतिवादीहरूलाई सफाई दिने ठहर गरी व्यक्त भएको यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री बलराम के.सी.को राय सदर हुने ठहर्छ । त्यस्तै अर्का प्रतिवादी प्रेमहरि ढकाललाई सुरू अदालतबाट ऐ. ऐनको दफा ७(२) तथा २९(२) बमोजिम रू. ५०००।– जरिवाना गर्ने गरी भएको सुरूको फैसला सदर हुने ठहर भएको यस अदालतको संयुक्त इजलासको मिति २०६७।५।३० को फैसला सो हदसम्म उल्टी भई निज प्रतिवादी प्रेमहरी ढकालले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल चैत ४ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री रामकुमार प्रसाद शाह र मा.न्या. ओमप्रकाश मिश्र,** ०६९-CR-०६७९, ०७०-CR-१४९५, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. कुन्दन भन्ने कुञ्ज शर्मासमेत, कुन्दन भन्ने कुञ्ज शर्मासमेत वि. नेपाल सरकार*

प्रतिवादी कुन्दन भन्ने कुञ्जन शर्मा र मनोजकुमार गुप्ताबाट जनही ९ ग्राम ३६५ मिलिग्राम लागु औषध बरामद भएको र प्रतिवादी मञ्जु भन्ने उर्मिला कहारबाट १४० मिलिग्राम लागु औषध बरामद भएको देखिएकोमा उक्त परिमाणको लागु औषधको कारोबार गर्नेलाई दफा १४(१)(छ)(१) बमोजिमको सजाय आकर्षित हुने हुँदा कानूनी व्यवस्थाबमोजिम निर्धारण गरिएको सजायलाई घटी सजाय भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर मनासिब नदेखिने र प्रतिवादीहरू अनवर मनिहार, असलम खाँ तथा वीरेन्द्र कहारसमेतका प्रतिवादीहरूका हकमा हेर्दा यी प्रतिवादीहरूलाई प्रतिवादी कुन्दन भन्ने कुञ्ज शर्मा र मनोजकुमार गुप्ताले मौकामा बयान गर्दा पोल गरेको भए पनि निजहरूबाट लागु औषध बरामद हुन नसकेको एवम् यी प्रतिवादीहरू अदालतमा इन्कार रहेको सन्दर्भमा केवल सहअभियुक्तहरूले अनुसन्धान अधिकारीसमक्ष गरेको पोलको आधारमा यी प्रतिवादीहरूलाई कसुरदार मान्न मिल्ने नहुँदा यी प्रतिवादीहरू अनवर मनिहार, असलम खाँ तथा वीरेन्द्र कहारलाई आरोपित कसुरबाट सफाइ दिने ठहर्‍याएको फैसला मनासिब देखिँदा प्रतिवादीहरू कुन्दन भन्ने कुञ्ज शर्मा र मनोजकुमार गुप्तालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम जनही सात वर्ष कैद र रू. १५,०००।- जरिवाना हुने तथा मनोजकुमार गुप्तालाई दफा १६

बमोजिम थप एक वर्ष कैद र रू. पाँच हजार थप जरिवाना हुने एवम् लागु औषधको कारोवारमा प्रयोग भएको मोटरसाइकल जफत भई अन्य प्रतिवादीहरू अनवर मनिहार, असलम खाँ र वीरेन्द्र कहारलाई आरोपित कसुरबाट सफाई दिने ठहर्‍याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।३।१६ को फैसला सो हदसम्म मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

प्रतिवादी मञ्जु भन्ने उर्मिला कहारबाट बरामद भएको लागु औषधको परिमाणसमेतलाई विचार गर्दा निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिम पाँच बर्ष कैद र रू पाँच हजार जरिवाना हुने ठहर्छ । उपर्युक्तानुसार प्रतिवादी मञ्जु भन्ने उर्मिला कहारलाई सजाय गर्नुपर्नेमा सफाइ दिएको सुरू र पुनरावेदन अदालत, बुटवलको फैसला सो हदसम्म त्रुटिपूर्ण देखिएकोले केही उल्टी हुने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २ गते रोज ४ शुभम् ।

२

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. सुशीला कार्की,** ०७०-WO-०१९३, उत्प्रेषण, परमादेश, प्रतिषेध, अधिकारपृच्छा, *अधिवक्ता शम्भु थापासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

निवेदक कानून व्यवसायी भएको र निजले सो व्यवसायबाट आर्जित गरेको वार्षिक आम्दानीमा प्रचलित कानूनबमोजिम तिर्नु बुझाउनु पर्ने आयकर विवरण नबुझाएको हुँदा निजको आयकरको सम्बन्धमा पर्न आएको उजुरीसमेतका आधारमा छानबिन गर्न विपक्षीहरूबाट निजले सञ्चालन गरिआएको ल फर्ममा छापा मार्ने, कम्प्युटरलगायतका महत्त्वपूर्ण कागजातहरू नियन्त्रणमा लिनेलगायतको कामकारवाही गरिएको भन्ने मिसिलको अध्ययनबाट देखिन आएको छ । निश्चय नै कानूनबमोजिम कुनै व्यवसाय गर्न अनुमति लिई दर्ता भएको कुनै फर्म वा व्यवसायीले आफूले आर्जन गरेको आम्दानीको प्रचलित कानूनबमोजिम राज्यलाई तिर्न बुझाउन पर्ने आयकर तिर्नु बुझाउनु निजको कानूनी दायित्त्व हुने ।

निवेदक कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २२, २४ अन्तर्गतसमेत कानून व्यवसाय गर्न पाउने प्रमाणपत्रधारी व्यवसायी भएको हुँदा निजले सेवाग्राहीलाई कानूनी राय सल्लाह उपलब्ध गराएबापत वा कानूनी प्रतिरक्षा वा प्रतिनिधित्त्व गरेबापत कानूनबमोजिम लिने शुल्कमार्फत् निजले आर्जित गर्ने आम्दानीबापत कानूनबमोजिम लाग्ने आयकर कानूनी प्रक्रियाबमोजिम नै राज्यलाई बुझाउनु निजको दायित्त्व हो । एउटा सभ्य र कानूनी राज्यको स्थिति भएको मुलुकमा राज्य र करदाताको रूपमा रहने नागरिकका बिच सुमधुर, पारदर्शी र पारस्परिक सहयोगीपूर्ण व्यवहार कायम हुन आवश्यक हुन्छ । यसका लागि आफ्ना नागरिकले अपनाएको पेसा वा व्यवसायको कानूनी नेकीवेदी राखिनु पर्दछ र सोको प्राथमिक जिम्मेवारी राज्यको हुन जाने ।

आफ्ना नागरिकले के पेसा गरी के कस्तो आम्दानी गर्दछ भनी कानूनीरूपमा निश्चितता देखाउन नसक्ने राज्यले नागरिकको आम्दानी यकिन गर्न पनि सक्तैन । आम्दानीको कानूनी पारदर्शिता कायम नभई राज्यले करदाता नागरिकमाथि करको दाबी गर्ने आधारहरू समेत अनुमानयोग्य बन्न सक्तैनन् । यी तमाम अवस्थामा राज्यले करदाताको करको दायरालाई सुनिश्चित बनाउन पनि सक्तैन । अत: करदाता नागरिकको पेसा वा व्यवसायजन्य आयलाई कानूनी दायरामा ल्याउन राज्यले पूरा गर्नुपर्ने प्राथमिक दायित्व कार्यान्वयन नभई करदातामाथि राज्यले करको दाबी गर्ने नैतिक आधारसमेत कमजोर हुन पुग्दछ । यस वास्तविकतातर्फ राज्यका सम्बन्धित निकाय संवेदनशील हुन जरूरी हुने ।

प्रस्तुत मुद्दाका निवेदक दशकौं अघिदेखि कानून व्यवसायमा संलग्न भई प्रचलित कानूनबमोजिम राज्यलाई कर तिर्दै आएको व्यक्ति भन्ने बुझिन्छ । नियमितरूपमा प्रचलित कानूनबमोजिम कर तिर्दै आएको कुनै करदाताले करसम्बन्धी विवरण कुनै अवधि विशेषमा छुटाएमा वा छुटेमा कर प्रशासनले त्यस्तो छुटेको करको विवरण दाखिल गर्न लगाउनेलगायतका जो चाहिने आवश्यक प्रक्रियागत कारवाही गर्नसक्ने नै हुने ।

करदाताको अभिलेख राख्ने स्वाभाविक र अधिकारप्राप्त निकायले नै करदाताको हरेक आर्थिक वर्षको आय विवरण वा कर चुक्तासम्बन्धी अभिलेख अध्यावधिक गर्ने हो । करसम्बन्धी सम्पूर्ण प्रशासन गर्ने आधिकारिक निकायले आफ्नो जिम्मेवारी अनुरूपको कार्यसम्पादन गर्न नसकेको वा सोबमोजिम गर्न चुकेको वा अन्य विविध कारण परी त्यस्तो निकायलाई बाह्य क्षेत्रबाट हस्तक्षेपकारी सहयोग गर्नु परेको अवस्थामा सम्म राजस्व अनुसन्धान विभाग वा अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्ता संस्थाहरूको सहयोग लिन वा दिन आवश्यक पर्न सक्ने ।

कर प्रशासनको नियमन गर्ने आन्तरिक राजस्व विभाग जस्तो निकाय वा अख्तियारको दुरूपयोगसम्बन्धी कसुरको अनुसन्धानका लागि स्थापित भएको निकायमा कसैका विरूद्ध बेनामी उजुरी प्राप्त भइरहन सक्ने भए पनि त्यस्ता निकायमा प्राप्त हुने उजुरीको सत्यता, औचित्य र गहनताको सम्बन्धमा यकिन गरी सो सम्बन्धमा विधिसम्मत आधारमा न्यूनतम् रूपमा अनुसन्धान गरी वा बुझी सो उजुरीको सत्यता, औचित्य र गहनता स्थापित हुनेसम्मको आधार देखिन आएमा मात्र थप अनुसन्धान गर्नुपर्ने हुन्छ । केवल कसैका विरूद्ध कुनै बेनामी वा प्रतिशोधपूर्ण उजुरी परेको मात्र आधारमा सम्बन्धित निकायले न्यूनतम् अनुसन्धानसम्म नथाली कसैका विरूद्ध बलात् कारवाहीको अस्त्र चलाउनु कानूनी राजको मर्मअनुकूल हुन नसक्ने ।

विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्देशन पत्र लेखेको दिनमा नै निवेदकको ल फर्ममा खानतलासी नगरेमा करको सम्बन्धमा अनुसन्धान जारी राख्न नसकिने वा निवेदकबाट कर असुल्न नभई नहुने महत्त्वपूर्ण सबुद प्रमाण विपक्षी आन्तरिक राजस्व विभागको हातबाट गुम्न सक्ने हो भन्ने सम्बन्धमा विपक्षीहरूको कुनै विश्वासप्रद तर्क वा आधार केही रहेको नदेखिने ।

संविधानबमोजिम स्थापित अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकायले संविधान र प्रचलित कानूनले आफूलाई सुम्पिएको जिम्मेवारी र सीमालाई नजरअन्दाज गरी आफ्नो संवैधानिक जिम्मेवारी वा अधिकारक्षेत्रमा नपर्ने कुनै पनि विषयमा केवल बेनामी उजुरीलाई आधार बनाई यो यसो गर्नु भनी राज्यका अन्य निकायलाई निर्देशित गर्न मिल्दैन । राज्यका प्रत्येक निकायको आआफ्नो जिम्मेवारी र अधिकारक्षेत्र कानूनले नै निर्धारण गरेको हुन्छ । त्यसरी निर्धारित अधिकारक्षेत्रको सीमालाई सम्मान गर्दै राज्यका निकायहरू क्रियाशील भएमा मात्र कानूनी राजको मर्म साकार हुने हो । राज्यका प्रत्येक संयन्त्रलाई स्वतन्त्ररूपमा काम गर्न नदिई अधिकार नै नभएको विषयमा समेत अर्को कुनै निकायले निर्देशित गर्दै जाने हो भने कुनै पनि प्रणालीले सहीरूपमा काम गर्न सक्तैन । साथै संविधान र कानूनले फरकफरक कामका लागि फरकफरक निकायको स्थापना गर्नुको औचित्यसमेत समाप्त हुन जान्छ । अत: यस वास्तविकतालाई हरेक निकायले आफ्नो अधिकारक्षेत्रको कामकारवाहीमा ख्याल गर्नु आवश्यक हुन जाने ।

उल्लिखित यावत् कुरालाई किञ्चित ख्याल नगरी र निवेदकको ल फर्ममा खानतलासी गर्नुपर्ने आवश्यकताको प्रश्नलाई समेत अनुत्तरित राखी निवेदकउपर निर्देशात्मक तवरले अख्तियार

दुरूपयोग अनुसन्धान आयोगले पत्र लेखेको कुरालाई आधार लिई करको कारण देखाई निवेदकउपर खानतलासीलगायतको कारवाही गर्नुले पनि कर प्रशासनलगायतका विषयमा अनुसन्धानको जिम्मेवारी प्राप्त सम्बद्ध निकायका साथै संविधानबमोजिम स्थापित अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो जिम्मेवार निकायको अधिकारक्षेत्रमा पर्ने विषयमा नै पनि अनुसन्धानमा आवश्यक संयम्, विवेक र सीपयुक्त प्रयासको अभाव रहेको भन्ने झल्किन पाइने।

वस्तुतः नियमितरूपमा दर्तावाला करदाताले बुझाउनु पर्ने विवरण वा कर नबुझाएको अवस्थामा सम्बन्धित निकायले त्यस्तो कर असुलीका लागि के कस्तो कारवाही गर्ने भन्ने कुराको कानूनमा नै स्पष्ट र पर्याप्त व्यवस्था रहेको देखिन्छ । कानूनले स्वाभाविकरूपमा लिने गति र दिशालाई राज्यका जिम्मेवार निकायले अधिकारको बाहुबलमा वा अन्य कुनै उद्देश्यका लागि असाधारण र अतिरञ्जित ढङ्गले परिचालन गर्नु जरूरी हुँदैन । नियमितरूपमा बुझाउनु पर्ने करदाताले कर नबुझाएकोमा कर विवरण दाखिल गराउने वा तिर्न तिराउन लगाउने वैधानिक संयन्त्र र प्रक्रिया छँदाछँदै बिना कुनै मनासिब र विश्वसनीय तथ्य एवम् आधार राजस्व अनुसन्धान विभाग र सो संस्थालाई प्राप्त अधिकारको आधार देखाई क्रियाशील बनाउन पनि जरूरी नहुने।

आयकर र मूल्य अभिवृद्धि कर ऐनजस्ता ऐनहरू विशेष ऐन हुन् । ती ऐनमा निश्चित गरिएका प्रक्रियाहरू सोहीबमोजिम मात्र प्रयोग गर्नुपर्ने हुन्छ । ती ऐनमा व्यवस्था भएका कुराहरूको हकमा अन्य सामान्य ऐनको व्यवस्था क्रियाशील हुँदैनन्। यो कानूनको सामान्य सिद्धान्त नै हो। आयकर र मूल्य अभिवृद्धि कर ऐनले कर प्रशासनको सम्बन्धमा गरेको व्यवस्थाहरूलाई स्वचालित रूपमा क्रियाशील गराउनुको साटो राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐनको एकाएक क्रियाशील गराउनु पनि उपयुक्त हुँदैन । खास प्रयोजनका लागि लागू रहेका विशेष ऐनहरू र सोअन्तर्गत संस्थापित निकायहरू आफ्नो जिम्मेवारीको काममा असफल वा अकर्मण्य भएमा बाहेक नियमित कानूनबाट स्थापित त्यस्ता निकायलाई यो वा यसो गर्नु भनी कुनै पनि विषयमा निर्देशित गर्ने गरी अर्को निकायबाट हुने कुनै पनि रूपको हस्तक्षेप स्वीकार्य नहुने।

विपक्षी निकायहरूले निवेदकको ल फर्ममा खानतलासीलगायतको कारवाही गर्नुको मुख्य औचित्यको रूपमा निजले कर विवरण दाखिला नगरेको भन्ने कुरालाई आधार लिएको देखिन्छ। वस्तुतः कर विवरण दाखिल गर्न गराउन वा कर असुलीको काम बाँकी रहनु भनेको राजस्वको चुहावट गरेको भन्ने हुँदैन । स्वभावैले कर चुहावट भनेको करछलीको अवस्था हो। कर छल्ने कुरा फौजदारी कार्य हुन जाने।

कर असुलीको सामान्य प्रक्रियालाई कर छलीको रूपमा सहजै परिभाषित गर्न सकिँदैन। त्यसमा पनि निवेदकले के कुन सालको आय विवरण बाँकी राखेको हो वा कर नतिरेको हो वा कर छली गरेको भन्ने कुराको अति न्यूनतम् सूचनासम्म सङ्कलन नगरी वा सोसम्बन्धमा न्यूनतम् अनुसन्धान नै नगरी निवेदकको व्यावसायिक कार्यालयमा नै प्रवेश गरी कानून व्यवसायीको रूपमा रहेका निवेदकको व्यावसायिक पवित्रता र निजका सेवाग्राहीको रूपमा रहेका पक्षको संविधानद्वारा प्रत्याभूत अनतिक्रम्य गोपनीय सूचनाहरूको बारेमा कुनै ख्याल नगरी र त्यसका प्रति संवेदनशून्य भई तथा कानून व्यवसायी र पक्षहरू बिचको सूचना वा संवादको संरक्षणको प्रत्याभूतिको वास्तै नगरी फौजदारी कसुरमा मात्र आवश्यक र वाञ्छित हुने खानतलासीको स्तरसम्मको प्रवेशले औचित्य पुष्टि गर्न नसकेको वर्तमान अवस्थामा विपक्षी विभागको सो कारवाहीमा कानूनको सही प्रयोग भएको वा स्वच्छता र समान व्यवहारको सम्मान गरिएको रहेछ भन्न सकिने नदेखिने।

राजस्व चुहावट अनुसन्धान र नियन्त्रण ऐनको अस्तित्व, त्यसको प्रभावकारिता एवम् सान्दर्भिकतालाई इन्कार गर्न नमिल्ने भए पनि अख्तियारको दुरूपयोग गरेको वा राजस्व छलीजन्य वा चुहावटजन्य कार्य गरेको देखिने कुनै कार्य भएको कुरा प्रथम दृष्टिमा देखिन नआएपछि कसैको पनि घर, कार्यथलो आदिमा बलात् हस्तक्षेप गरी खानतलासीसमेत गर्न सकिन्छ भन्ने कुरा जायज हुन नसक्ने।

व्यक्तिको घर बसोवास वा कार्यथलोको खानतलासी भनेको कसुरजन्य कार्यको अनुसन्धानको एउटा परिपक्व स्थितिमा जरूरी देखिन आएको अवस्थामा मात्र गरिने कार्य हो। त्यसैले यो कार्य अति नै संवेदनशील पनि हुन्छ। यसबाट खानतलासी गरिने व्यक्ति, निजको परिवार र सोसँग सम्बद्ध हुन आउने कतिपय अन्य व्यक्तिको हकहित र प्रतिष्ठासमेत जोखिममा परेको हुन्छ । त्यसैले खानतलासीको कार्य कुनै पनि निकायले आफ्नो अधिकार वा सोको रवाफ देखाउने हिसाबले गर्ने कार्य कदापि होइन । यसको आवश्यकता र औचित्य प्रमाणित नगरीकन खानतलासीको अधिकार प्रयुक्त हुन सक्तैन । साथै कानूनको सीमा र विधिसम्मत प्रक्रिया पुर्‍याएको छैन भने खानतलासीको नतिजासमेत ग्राह्य र स्वीकार्य हुँदैन । त्यसमा पनि कानून व्यवसायसँग जोडिएको संवेदनशीलतालाई कुनै अर्थमा र हदमा पनि उपेक्षा र अनदेखा गरी खानतलासी लिन मिल्दैन। यस हिसाबले समेत निवेदकको ल फर्ममा खानतलासी लिनेसमेतको विपक्षीहरूको कार्य विधिसम्मत् मान्न नमिल्ने।

निवेदकले आफ्नो निवेदनमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनमा गरिएको अनुसन्धान भएकोले पूर्वाग्रह पीडित भएको दाबीसमेत गरेको पाइन्छ। यसका सम्बन्धमा पनि विचार गर्नुपर्ने भएको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष निवेदकले कुनै अख्तियारीको दुरूपयोग गरेको भनी उजुर परेको कुनै तथ्य मिसिलबाट खुल्दैन। विपक्षीले त्यस्तो उजुरी परेको भनी भनेको पनि देखिँदैन। आयकर तिरे नतिरेको भन्ने सम्बन्धमा स्वाभाविकरूपमा प्रशासन गर्ने निकाय आन्तरिक राजस्व विभाग जस्तो संस्था भएको कुराको याद विपक्षी आयोगले गर्नुपर्ने हुन्छ । कदाचित त्यससँग सम्बद्ध उजुरी पर्न आएको नै भए पनि सो उजुरी सम्बन्धित निकायमा प्रेषित गरी पठाउनु नै पर्याप्त हुन्छ। तर प्रस्तुत मुद्दामा आधारभूत तथ्यबेगर प्राप्त बेनामी उजुरीलाई आधार बनाई अनुसन्धान गर्न निर्देशन गरी विपक्षी आयोगले अनुसन्धानको प्रतिवेदनसमेत माग गरेको देखिन्छ । सो तथ्यबाट निवेदकउपरको कारवाहीमा विपक्षी आयोगको अवाञ्छित रूचिसमेत देखिन आउँछ । स्पष्टसँग र निर्विवादरूपमा अख्तियारको दुरूपयोग गरेको प्रश्न देखिनेमा बाहेक अन्य निकायको क्षेत्राधिकारको प्रश्नमा अनुचित हस्तक्षेप गर्ने कार्य अख्तियार दुरूपयोग अनुसन्धान आयोगको हुन सक्ने नदेखिने।

निवेदक लामो समयदेखि कानून व्यवसाय गरिआएको कानून व्यवसायी भएको र निजउपर विपक्षी आयोगबाट निर्देशित गरिएबमोजिम पूर्वाग्रही रूपमा खानतलासीलगायतको कारवाही गरिएको भनी सोका विरूद्ध कानूनी उपचारको लागि यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत प्रवेश गरेको अवस्था छ । यस अदालतले सो निवेदन दाबीका सम्बन्धमा विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग जस्तो संवैधानिक निकायबाट भएको कामकारवाहीको यथार्थ तथ्यसहितको जवाफको अपेक्षा गरी आदेश भएकोमा विपक्षी आयोगको प्रमुख आयुक्तले निवेदकको ल फर्ममा खानतलासी लिनेलगायतको कार्यमा आफ्नो संलग्नता वा जानकारी रहेको कुरामा इन्कारी लिखित जवाफ दिएको तर प्राप्त मिसिलबाट निवेदकउपर कारवाही

गर्न विपक्षी आयोगको निर्देशनसहितको पत्र देखिन आएको छ । अत: यसप्रकारको व्यवहारमा सुधार ल्याई अदालतप्रतिको व्यवहारमा विपक्षी आयोग सदैव संवेदनशील र जिम्मेवार हुनुपर्ने कुराको आयोगलाई ध्यानाकर्षण हुनुपर्ने देखिने ।

प्रस्तुत रिट निवेदनमा विवादित खानतलासीको अतिरिक्त कम्प्युटरसमेत कब्जामा लिई लगेको देखिएबाट कानून व्यवसायीको स्वायत्तता र गोपनीयताको हकको प्रश्नसमेत उठेको छ । निवेदकको ल फर्मको कम्प्युटर नै लग्नु पर्नेसम्मको कारण र औचित्य लिखित जवाफबाट समेत पुष्टि हुँदैन । चालु अवस्थाको व्यावसायिक कार्यालयको कम्प्युटर कब्जाबाट निवेदकको कानून व्यवसायमा पर्न जाने असरको बारेमा ध्यान नपुर्‍याउनु उचित होइन । आफूलाई के कस्तोरूपमा के कस्तो विवरण चाहिएको हो भन्ने नै यकिन नगरी त्यसरी निवेदकको कम्प्युटरसमेत कब्जामा लिएबाट अमुक सूचना वा संलग्न कुनै मुद्दाको तथ्य के खोजेको हो भन्ने नै शङ्का गर्नुपर्ने अवस्थामा पुग्नु पुर्‍याउनु कदापि राम्रो नहुने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले संविधान प्रदत्त आफ्नो अधिकारक्षेत्रभित्र रही अख्तियारको दुरूपयोग गरेको विषय र आफूले कारवाही गर्नसक्ने कुराको यकिन गरी कारवाही अघि बढाउनु पर्नेमा त्यस्तो गर्न नसकी अन्य कानूनबमोजिम अन्य निकायलाई भएको अधिकारको विषयमा अधिकारक्षेत्रबाहिर गई निर्देशित गरी निवेदकको ल फर्ममा खानतलासीको स्तरसम्म पुर्‍याएको कार्य विधिसम्मत भन्न मिलेन । त्यस्तो प्रकृतिको निर्देशित कारवाही अघि नबढाउनु, रोक्नु र अब आइन्दा आफ्नो अधिकारक्षेत्रको सीमाभित्र रहेर कानूनले निर्दिष्ट गरेको कार्यविधि पुर्‍याएर मात्रै कार्य गर्नु भनी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई र राजस्व अनुसन्धान विभागले पनि आफ्नो कानूनी अधिकारअन्तर्गत विधिसम्मत रूपमा प्राप्त सूचना र अनुसन्धानको आधारमा कानूनबमोजिम विवेकसम्मत हिसाबले गर्नुपर्ने काम सुचारू गर्नेबाहेक अन्यथा काम नगर्नु भनी परमादेशको आदेश समेत जारी हुने ।

कानूनबमोजिम तिर्न बुझाउनु पर्ने कर वा अन्य शुल्कहरू कानून व्यवसायीले समेत तिर्नु पर्दछ । राज्यको अख्तियारीअन्तर्गत बनेको कानूनबमोजिम व्यवसायको अनुमति प्राप्त गरी प्राप्त शुल्क वा आयमा लाग्ने कानूनबमोजिमको कर तिर्नु सबै कानून व्यवसायीको पनि कर्तव्य हो । कानूनी राज्यको प्रहरीको हिसाबले कानूनको उल्लङ्घन गर्न नदिने र कानूनको रक्षा गर्नुपर्ने ज्ञान, अनुभव र सीपको अपेक्षा गरिने व्यवसायीले कानूनअन्तर्गत गर्ने व्यवसायबाट प्राप्त लाभबापत तिर्नुपर्ने कानूनबमोजिमको कर नतिरेको अवस्थामा सो व्यवसाय र व्यवसायप्रतिको जनताको आस्था समाप्त हुन्छ । आयअनुसार कर तिर्नु व्यवसायीको धर्म पनि हो । तसर्थ प्रचलित कानूनबमोजिम करदातामा दर्ता हुने, नियमितरूपमा आयको विवरण राख्ने, कानूनबमोजिम बुझाउनु पर्ने आयलगायतको विवरण बुझाउने र निर्धारित कर तिर्नेजस्ता कार्यहरू कानून व्यवसायसँग सम्बद्ध प्रतिष्ठा र गौरवको पनि विषय हुनाले यसतर्फ सबै कानून व्यवसायीहरू सचेत रहन र आफ्नो कानूनी कर्तव्य पूरा गर्नबाट नचुक्नसमेत सतत् प्रयत्नशील रहने अपेक्षा हुने ।

सोबाहेक व्यावसायिक हक हित र मर्यादाविपरीत राजस्व अनुसन्धान विभागले न्यूनतम् सूचना र अनुसन्धानबेगर आयकरसँग सम्बद्ध निकायको क्षेत्राधिकारको विषयमा अनुचित हस्तक्षेप गर्न दिन नमिल्ने हुनाले त्यस्तो कार्य अब आइन्दा नगर्न नगराउनसमेत विपक्षीहरूलाई सचेत गराउने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

इति संवत् २०७२ साल पुस २७ रोज २ शुभम् ।

३

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-०१६१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मनिराम पोखरेल*

घटनास्थल लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, जाहेरी दरखास्त, वस्तुस्थिति मुचुल्काका मानिसहरूको कागज एवम् निजहरूको अदालतमा भएको बकपत्र, वारदातकी प्रत्यक्षदर्शी मृतककी श्रीमती कुर्रा पोखरेलको अनुसन्धानको क्रममा भएको कागज एवम् अदालतमा भएको बकपत्र, वारदातमा प्रयोग भएको दशी प्रमाण बन्चरो प्रतिवादीबाट बरामद भएको बरामदी मुचुल्कासमेतका प्रमाणहरूबाट प्रतिवादी मनिराम पोखरेलको कसुरमा साबिती बयान पुष्टि भएको छ। यसबाट मृतक शिवराम पोखरेललाई प्रतिवादी मनिराम पोखरेलले कर्तव्य गरी मारेको देखिने।

मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादी मनिराम पोखरेलले शिवराम पोखरेललाई बन्चरो प्रहार गरी कर्तव्य गरी मारेको देखिँदा साधक जाँचको रोहमा पेस भएको प्रस्तुत मुद्दामा प्रतिवादी मनिराम पोखरेललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिमको कसुर अपराधमा ऐ. १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरी बैतडी जिल्ला अदालतबाट मिति २०६९।८।१८ मा भएको फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०७०।१२।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २५ गते रोज ६ शुभम्।

४

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-०१५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सरेशबहादुर कुमाल*

प्रतिवादी सुरेशबहादुर कुमालले मृतक देवी कुमाल र सुनचरी कुमाललाई मार्ने मनसाय नलिई तत्काल उठेको रिसले सामान्य कुटपिटको कारणबाट मात्र मृतकहरूको मृत्यु भएको अवस्था होइन। प्रतिवादीले मृतकहरूलाई मार्ने मनसाय राखी मृतकहरू नमर्दासम्म निर्ममतापूर्वक मुख थुनी, घाँटी च्यापिदिई कर्तव्य गरी मारेको देखिएको छ। यसरी प्रस्तुत मुद्दामा प्रतिवादी सुरेशबहादुर कुमालले मृतक देवी कुमाल र सुनचरी कुमाललाई पूर्व रिसइवीसमेत लिई ज्यान मार्ने मनसायले मुख र घाँटी थिची कर्तव्य गरी मारेको देखिँदा प्रस्तुत मुद्दा आवेशप्रेरित हत्या नभई मनसाय प्रेरित हत्या भएको देखिन आयो। अतः प्रतिवादी सुरेशबहादुर कुमालले मृतक देवी कुमाल र सुनचरी कुमाललाई मनसायपूर्वक कर्तव्य गरी मारेको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको सोही १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको फैसलालाई अन्यथा गरिरहनु पर्ने अवस्था नदेखिने।

प्रतिवादी सुरेशबहादुर कुमाललाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०६९।१२।२५ मा भएको फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।१।२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर गर्नेः रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल असार २५ गते रोज ६ शुभम्।

५

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०७१-RC-००४३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जङ्गबहादुर खत्री*

प्रतिवादीले पुनरावेदन अदालत तुलसीपुर,

दाङमा पुनरावेदन गर्दा मृतकले मेरो ज्यान लिन आएकोले आत्मरक्षाको लागि मृतकलाई खुकुरी प्रहार गरी मारेको हुँ भनी जिकिर लिएको पाइन्छ । प्रतिवादीले अदालतमा बयान गर्दा मृतकले चक्कु निकालेका थिए, त्यसपछि मैले पैसा दिन्छु भनी भित्र गई लुकाइराखेको खुकुरी ल्याई मृतकको घाँटीमा प्रहार गरेको हुँ भनी उल्लेख गरेका छन् । यी प्रतिवादीको बयानबाट नै मृतक प्रतिवादीको घरमा आउनुभन्दा अगाडि नै प्रतिवादीले खुकुरी निकाली मृतक आएमा प्रहार गर्न तयारी भई खुकुरी लुकाई राखेको देखिन्छ । घटनास्थलमा मृतकको साथबाट चक्कु फेला परेको देखिन्न । यदि मृतकले चक्कु देखाएकै भए पनि प्रतिवादीलाई ताकी हानेको वा हान्न खोजेको भन्ने देखिन्न । त्यस अवस्थामा यी प्रतिवादीउपर ज्यानको खतरा भएको भए हार गुहार गरेर वा भाग्ने उम्कने काम गरेर वा प्रहरीसँग सुरक्षा लिएर आफूलाई बचाउनुपर्ने पहिलो काम कुरा गर्नुपर्ने थियो तर सो केही नगरी मृतकलाई पैसा दिन्छु भनी सरासरभित्र लुकाई राखेको खुकुरी झिकी ल्याई मृतकलाई झुक्याई गर्धन जस्तो संवेदनशीन अङ्गमा प्रहार गरी ज्यान लिएको कार्य आत्मरक्षाको लागि नभई मार्ने मनसाय लिई क्रूरतापूर्वक हत्या गरेको हुँदा आत्मरक्षाको लागि मृतकलाई मारेको हुँ भन्ने प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने हुँदा मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादी जंगबहादुर खत्रीले जितबहादुर घर्तीलाई खुकुरी प्रहार गरी कर्तव्य गरी मारेको देखिँदा प्रस्तुत मुद्दामा प्रतिवादी जङ्गबहादुर खत्रीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिमको कसुर अपराधमा ऐ. १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सल्यान जिल्ला अदालतबाट मिति २०६९।११।२० मा भएको फैसला सदर गरी साधक जाहेर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।१०।६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सीना

इति संवत् २०७२ साल असार २५ गते रोज ६ शुभम् ।

६

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोपाल पराजुली,** ०७०-CI-०१०४, उत्प्रेषण / परमादेश, *पार्वतीदेवी श्रेष्ठ वि. धरान नगरपालिका कार्यालय, धरान सुनरीसमेत*

निवेदकले कुनै कुराको दाबी लिनु मात्र पर्याप्त हुँदैन । त्यसको लागि निवेदन दाबिमा उल्लिखित व्यहोरा प्रमाणबाट समर्थित गराउन सक्नु पर्दछ । प्रस्तुत विवादमा निवेदकले कि.नं. ११८ को ०-१३-१९ जग्गा दर्ता प्रक्रियामा रहेको भनी दाबी गरेको भए तापनि जग्गाको चार किल्ला खुलाई यो यति जग्गा हो भन्ने खुलाउन नसकेबाट विवादित जग्गा निवेदककै हकभोगकोजग्गाहोभन्नेदेखिनआएन।नक्सारेखाङ्कन गर्दा पनि निवेदन दाबीको जग्गा खोल्सी रहेको भन्ने देखिन्छ । मिसिल संलग्न रहेको यस अदालतको मिति २०६२।१।१७ को आदेशले कि.नं. ११८ को जग्गाको हकमा पुन निर्णय गर्न भनी परमादेशको आदेश जारी भएको देखिएको भए तापनि सो कुराको निर्णय गर्ने निकाय मालपोत कार्यालयले सो जग्गा नेपाल सरकारको नाममा छ भनी मिति २०६७।९।१३ मा विपक्षी नगरपालिकालाई पत्र लेखेको देखिन्छ । सोही पत्र र रेखाङ्कनमा सीमित रही विपक्षी धरान नगरपालिकाले नगरस्तरीय वातावरण सुधार समन्वय समितिलाई भवन निर्माण गर्न स्वीकृति दिएको देखिँदा पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।९।२ को आदेश सदर हुने ।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम् ।

७

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोपाल पराजुली,** ०६९-CI-०४६२, निषेधाज्ञा / परमादेश, *पासाङ फुटी शेर्पा वि. चन्द्रकुमारी निरौलासमेत*

वस्तुतः नागरिक अधिकार ऐन, २०१२ जनतालाई नागरिक अधिकार प्रदान गर्नसमेतको लागि बनेको भन्ने कुरा सो ऐनको प्रस्तावनाबाट देखिन्छ। उक्त ऐनको दफा ६ ले नागरिकलाई विभिन्न सात किसिमका अधिकार प्रत्याभूत गरेको देखिन्छ। नेपाल कानूनले अन्यथा गरेमा बाहेक ती हकहरूको संरक्षण गर्ने, उल्लङ्घन भएमा प्रचलनमा ल्याउने कार्य अदालतको हो। प्रस्तुत विवादमा विपक्षी गणेशबहादुर तामाङले दायर गरेको लिखत बदर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।२।१२ मा रोक्का आदेश भई घर जग्गा रोक्का रहेको देखिन्छ। लिखत बदर मुद्दा देवानी दायित्वअन्तर्गत पर्ने हो। अदालतबाट भएको आदेश पालना गर्नु सबै निकायसमेतको संवैधानिक एवम् कानूनी कर्तव्य हो। अदालतको आदेशले रोक्का रहेको विषयलाई लिएर घर र जग्गा खाली गर्ने र खाली नगरेमा पक्राउ गर्नेसमेतका कार्यहरू भएमा त्यस्तो कार्य कानूनसम्मत नहुने।

स्थानीय प्रशासन ऐन, २०२८ अनुसार जिल्लाभित्र शान्ति सुरक्षा कायम गर्ने कामका लागि जिल्ला प्रहरी कार्यालयले प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रहनु पर्ने हुन्छ। शान्ति सुरक्षाकै लागि भनी पुनरावेदिकाले विपक्षी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको आधारमा प्रमुख जिल्ला अधिकारीले विपक्षी जिल्ला प्रहरी कार्यालय (महानगरीय प्रहरी परिसर काठमाडौं) मा पत्राचार गरेको देखिन्छ। पुनरावेदिकाको उजुरी निवेदन र प्रहरी कार्यालयमा पत्राचार भएको विषयमा शान्ति सुरक्षाको विषय नै उठान भएको देखिएको परिप्रेक्ष्यमा विपक्षी जिल्ला प्रशासन कार्यालयको निर्देशनमा प्रहरी कर्मचारीले रोक्का रहेको घर खाली गराएमा वा गराउन अन्य प्रकारको धाक धम्की दिएमा विपक्षी गणेशबहादुर तामाङको नागरिक अधिकारमा आघात पुग्ने अवस्थाको विद्यामानता देखिँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गिता धिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम्।

८

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोपाल पराजुली,** ०७०-CI-०६७०, उत्प्रेषण / परमादेश, *खिमनाथ योगी वि. मोहनलाल चौधरीसमेत*

कि.नं. ८७३ र ८७४ को जग्गा मिलापत्रविपरीत दा.खा. भएको हो होइन भन्नेसम्बन्धमा विचार गर्दा मोही प्रत्यर्थीहरू मिति २०६८।६।२९ गते कि.नं. ८७४ को पूरै र कि.नं. ८७३ को जग्गामध्ये पूर्वतर्फबाट ०-१-१ जग्गा संयुक्त नाममा दा.खा. नामसारी गरिपाउन मालपोत कार्यालयमा निवेदन दिएको देखिन्छ। मोहीहरूको निवेदनको आधारमा मालपोत कार्यालयले मिति २०६८।९।१९ मा दा.खा. गर्न दुविधा भएको भनी भूमिसुधार कार्यालयलाई पत्र लेखेको देखिन्छ। भूमिसुधार कार्यालयले मिति २०६८।९।२० गते कि.नं. ८७४ को पुरै जग्गा र कि.नं. ८७३ को जग्गामध्ये पूर्वतर्फको ०-१-१ जग्गा मोहनलाल चौधरी र सीता चौधरीको नाममा संयुक्त दा.खा. स्रेस्ता मिलाइदिनु भनी मालपोत कार्यालयलाई गरेको पत्रचारका आधारमा सो कार्यालयले सोही मितिमा मोहनलाल चौधरीसमेतले कि.नं. ५०।८७३ को जग्गामध्ये पूर्वतर्फबाट ०-१-१ जग्गा प्राप्त गर्ने भएकाले कित्ताकाट गरी पठाइदिनु भनी पत्र लेखेको देखिने।

मालपोत कार्यालयको उक्त व्यहोराको पत्र प्राप्त भएपछि नापी कार्यालयले कि.नं. ८७३ लाई कित्ताकाट गरी कि.नं. १२०० र १२०१ कायम गरी कि.नं. १२०० को पूर्वतर्फको मोहीको नाममा र बाँकी जग्गाधनी को हुने भनी मालपोत कार्यालयलाई मिति २०६८।९।२१ मा पत्र लेखेपछि मालपोत कार्यालयलाई मिति २०६८।९।२५ मा उल्लिखित कार्यालयको पत्र समेतको आधारमा कि.नं. ८७३ को जग्गामध्ये पूर्ततर्फबाट ०-१-१ जग्गा प्रत्यर्थी मोहनलाल र सीता चौधरीको संयुक्त नाममा दाखिल खारेज गरी मोही लगत कट्टा हुने गरी निर्णय गरेको देखिने।

मिति २०५५।१।७ मा भएको मिलापत्रमा कि.नं. ५० को जग्गामध्ये पूर्वतर्फबाट ०-८-० जग्गा मोही प्रत्यर्थीहरूको नाममा कायम हुने भन्ने व्यहोरा स्पष्टसँग उल्लेख भएको देखिन्छ । उक्त मिलापत्रमा उल्लिखित प्रकारले पूर्वतर्फको जग्गा नै मोहीहरूको नाममा कायम हुने गरी मतलब परिणाम बुझी मिलापत्र गरिसकेपछि पुनरावेदकले विपक्षी भूमिसुधार नापी र मालपोत कार्यालयमा उल्लिखित मितिको पत्र एवम् निर्णय मिलापत्र विपरीत भन्न मिल्दैन । तसर्थ विपक्षी भूमिसुधार कार्यालयको मिति २०६८।९।२०, नापी कार्यालयको मिति २०६८।९।२१ को पत्र र मालपोत कार्यालयको मिति २०६८।९।२५ को निर्णय पक्षहरूबिच भएको मिलापत्रबमोजिम नै भएको देखिँदा बदर गरिरहनु पर्ने अवस्था देखिएन । पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।२।५ फैसला सदर हुने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर: गिता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम्।

९

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोपाल पराजुली,** ०६९-CI-०७८३, उत्प्रेषण / प्रतिषेध / निषेधाज्ञा, *अख्तर जोलाहसमेत वि. नेपालगन्ज नगरपालिका कार्यालय, बाँकेसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ दफा १६५ को उपदफा (१) को खण्ड (ख) मा ...रूख लगाउने वा पर्खाल लगाउने वा घर टहरा निर्माण गर्नेजस्ता काम गरेमा नगरपालिकाले त्यस्तो रूख, पर्खाल वा घर टहरा हटाउन आदेश दिन सक्नेछ । यसरी हटाउँदा लागेको खर्च सम्बन्धित अटेर गर्ने मानिससँग असुल गरी पन्ध्र हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ भन्ने समेतको कानूनी व्यवस्था छ । पुनरावेदकहरूले कि.नं. ८० को जग्गामा घर टहरा बनाई बसोबास गर्दै आएको तथ्यमा विवाद छैन । सो जग्गा विपक्षी नगरपालिकाको मिति २०६८।५।२८ को निर्णयले सरकारी/सार्वजनिक ठहर गरी मिति २०६८।६।२७ को पत्रले पुनरावेदकहरूलाई आफैँ भत्काउन भनेको छ । नगरपालिकाले गरेको सो निर्णयउपर पुनरावेदन नलागी अन्तिम हुने होइन । निर्णयउपर पुनरावेदन नलागी अन्तिम हुने वा पुनरावेदन लाग्ने भन्नेसम्बन्धमा कानूनले व्यवस्था गरेको हुन्छ । विवादित घर टहरा हटाउनु नहटाएमा नगरपालिका कार्यालयले हटाई लागेको खर्च असुलउपर गरिनेछ भनी गरेको निर्णयउपर सोही दफाको उपदफा (७) बमोजिम सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भएको देखिने।

कानूनमा नै स्पष्टरूपमा नगरपालिकाले घर टहरा भत्काउनेसमेतका सम्बन्धमा गरेको निर्णयउपर पुनरावेदन लाग्ने भनी व्यवस्था भएको देखिँदा असाधारण अधिकारक्षेत्रअन्तर्गतको रिट क्षेत्रबाट साधारण अधिकारक्षेत्रबाट हेरिने विषयमा निर्णय गरी न्याय निरोपण गर्न मिल्दैन । अतः पुनरावेदन अदालत, नेपालगञ्जले क्षेत्राधिकारको अभाव देखाई रिट निवेदन खारेज गर्ने गरेको मिति २०६९।३।२० को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम्।

१०

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोपाल पराजुली,** ०७०-CI-०५९६, निषेधाज्ञा, *जीवन निरौला वि. रमेश श्रेष्ठसमेत*

प्रस्तुत विवादमा पुनरावेदकको कार्य लेनदेनको जरियाबाट उत्पन्न भएको भए तापनि चेकबाट रकम भुक्तानी नभएपछि ठगीजन्य फौजदारी दायित्वमा रूपान्तरण भएको अवस्था देखिन्छ। प्रत्यर्थीले जाहेरी दिएपछि प्रहरीले अनुसन्धान तहकिकात र प्रमाण सङ्कलनको कार्य नगर्ने हो भने पीडित र फौजदारी न्याय प्रणालीमाथि अन्याय हुन जान्छ । फौजदारी दायित्वअन्तर्गत खास गरी सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र समावेश भएका मुद्दाको अनुसन्धान गर्ने क्रममा जाहेरी दरखास्त बुझ्ने, प्रमाण संकलन, संरक्षण गर्ने, सम्बन्धित मानिस बुझी अनुसन्धान तहकिकातको प्रक्रिया अगाडि बढाउनेलगायतका कार्यसमेत प्रहरी तथा प्रहरी कार्यालयको हुने हुँदा पुनरावेदकउपर परेको जाहेरीमा अनुसन्धान नगर्नु, पक्राउ नगर्नु भन्ने आदेश गर्न कानूनतः मिल्ने नदेखिँदा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतका मुद्दाहरूको अनुसन्धान तहकिकात गर्ने अधिकार प्रहरीलाई भएको हुँदा प्रत्यर्थी महानगरीय प्रहरी परिसर काठमाडौंले यी पुनरावेदकलाई प्रत्यर्थी रमेश श्रेष्ठले दिएको जाहेरी दरखास्तको सम्बन्धमा बुझ्न पत्राचार गरेको कार्य कानूनसम्मत देखिँदा पुनरावेदन अदालत, पाटनको मिति २०७०।४।३० को फैसला सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गीता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम्।

११

**स.का.मु.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गोपाल पराजुली,** ०७०-CI-०७९८, निषेधाज्ञा, *अमरबहादुर श्रेष्ठसमेत वि. मनोजकुमार खड्का*

निवेदक मनोजकुमार खड्काले उल्लिखित जग्गा र सोमा भएका घर टहरा आफ्नोसमेत पूर्ण र विवादरहित हकको भएको हुँदा पुनरावेदकहरूले उक्त जग्गामा घर निर्माण गर्नका लागि निर्माण सामग्री थुपारेको हुँदा घर निर्माण गरी कब्जा गर्न सक्नेसम्मको आशङ्का देखाई निषेधाज्ञाको निवेदन दिएको देखिन्छ । निषेधाज्ञाको आदेश विशेषतः कुनै व्यक्तिको निर्विवाद हक भोगको सम्पत्तिमा कसैले अनधिकृतरूपमा अतिक्रमण गर्नेसमेतका गैरकानूनी कारवाहीलाई रोक्न जारी गरिन्छ। नागरिक अधिकार ऐन, २०१२ को दफा १७(२) बमोजिम निषेधाज्ञा जारी हुनका लागि जुन सम्पत्तिसम्बन्धी हकमा आघात पर्ने आशङ्का व्यक्त गरिएको हो त्यो सम्पत्तिमा दाबी गर्नेको पूर्ण हक (Absolute Right) अथवा विवादरहित हक (Undisputed Right) हुन आवश्यक हुने।

मिसिल संलग्न रहेका मिति २०५९।१२।१ मा भएको सर्त कबुलियतनामा कागज हेर्दा दिलीप सिंहसमेतका पुनरावेदकहरू निर्मलकुमार धानुकको जग्गामा बनेको घर टहरामा भाडामा बसेको देखिन्छ। हाल उक्त जग्गा नै निर्मलकुमार धानुकबाट प्रत्यर्थी मनोजकुमार खड्कासमेतले खरिद गरेको देखिन्छ । मालपोत कार्यालय, मोरङले मिति २०७०।४।३१ मा प्रमाणित गरेको जग्गाधनी प्रमाण पुर्जामा जग्गाधनी मनोजकुमार खड्कासमेत तिनजना भनी उल्लेख भएको देखिँदा विवादित जग्गामा मनोजकुमार खड्कासमेतको हक र स्वामित्व रहेको स्पष्ट हुन आउने।

भाडामा बसेको घरमा भाडावाल आफैँले जबर्जस्ती घर टहरा वा अन्य भौतिक संचना निर्माण गर्न पाउने हुँदैन । मनोजकुमार खड्कासमेतको हक र स्वामित्व रहेको जग्गामा पुनरावेदकहरूले निर्माण सामग्रीहरू थुपारेको भन्ने कुरा मिसिल संलग्न रहेका

फोटोबाट समेत देखिएकोले पुनरावेदकहरूले घर टहरा निर्माण गर्न सक्ने आशंकित गल्ती (Apprehended wrong) लाई रोक्न पुनरावेदकहरूको नाममा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७०।८।१० मा जारी भएको निषेधाज्ञाको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: भीमबहादुर निरौला

कम्प्युटर: गिता घिमिरे (गिरी)

इति संवत् २०७१ साल फागुन १० गते रोज १ शुभम्।

## इजलास नं.१

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-CI-०६७६, लेनदेन, *कृष्णबहादुर खत्री वि. भोजबहादुर थापा*

**रकम भुक्तानी भएका दिन रजिस्ट्रेसन पास गरी दिने गरी उक्त उल्लिखित रूपैयाँ बुझी लिई यो घरायसी तमसुक सरहको कागज लेखि दिएँ** भनी मिति २०६२।७।१ गतेको लिखतमा उल्लेख भएबाट उल्लिखित लिखतमा तमसुकमा हुनु पर्ने तत्त्वहरूको विद्यमानता देखिन आएकोले उक्त लिखत लेनदेनको तमसुकको लिखत देखिन आउने।

लिखतमा ब्याजको सम्बन्धमा केही उल्लेख भएको नदेखिएको र लेनदेनको व्यवहारको महलको ६ नं. मा ब्याज नलेखिएकोमा ब्याज पाउँदैन भन्ने स्पष्ट व्यवस्था भएको अवस्थामा ब्याज पाउनु पर्ने भन्ने पुनरावेदक वादीको जिकिर कानूनसङ्गत देखिन आएन । यसमा तमसुकको व्यहोरा लिखतमा ब्याज नपाउने भएको देखिएको हुँदा वादीले प्रतिवादीबाट ब्याजको सम्बन्धमा लिखतमा नबोलेको देखिँदा रू.१४०,०००।-(एकलाख चालिस हजार) मात्र पाउने देखिन आउने।

अतः माथि विवेचित आधार कारणहरू एवम् प्रतिपादित सिद्धान्तसमेतबाट पुनरावेदक वादी र प्रतिवादीबिच भएको लिखतमा तमसुकको व्यहोरा परेको देखिएकोले वादीले दाबीबमोजिम प्रतिवादीबाट साँवा रू.१,४०,०००।- (एकलाख चालिस हजार) मात्र पाउने देखिन आएको हुँदा पुनरावेदन अदालत, बुटवलको मिति २०६७।२।१२ गतेको फैसला उल्टी भई वादी दाबीबमोजिम साँवासम्म पाउने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असोज ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-CI-०४८९, मोही नामसारी, *उपेन्द्र चौधरी वि. बृजकिशोर साह तेली*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा **"मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजपछि निजको एकासगोलका पति, पत्नी, छोरा, छोरी आमा बाबु, धर्मपुत्र, धर्मपुत्री, छोराबुहारी, नाति, नातिनी, नातिनीबुहारी, दाजु, भाइ वा दिदी बहिनीहरू मध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुने"** भन्ने उल्लेख भएको छ । उल्लिखित कानूनी व्यवस्थाबाट जग्गाधनीले पत्याएको व्यक्ति नै मोही हुने हुँदा द्वारिकादेवीलाई जग्गाधनीले मोही पत्याएको कार्यलाई अन्यथा भन्न नमिल्ने।

मिसिल संलग्न कुत धरौट बुझेको रसिदको छायाँप्रति अध्ययन गर्दा सो कुत धरौट रामेश्वर चौधरीको नामबाट राखेको देखिएकोले पुनरावेदक उपेन्द्र चौधरीको नामबाट धरौट राखेको देखिएको छैन । साथै विवादित जग्गाको मोही नामसारी गरिपाउन वादी उपेन्द्र चौधरीले अन्य हकवालाहरू

द्वारिका थरूनी, उदयनारायण चौधरी र सूर्यनारायण चौधरीसमेत तिनै जनाको मन्जुरनामा र सो मन्जुरनामाको आधारमा उपेन्द्र चौधरीका नाममा मोही नामसारी गरी दिन गा.वि.स.को कार्यालय अमाव, बाराबाट गरिदिएको सिफारिससहित मोही प्रमाणपत्र पाउन भूमिसुधार कार्यालय, बारामा निवेदन गरेको पाइएकोले अर्काको नामबाट कुत बुझाएको र मन्जुरनामा भएको आधारमा मोही नामसारी गर्ने कानूनी व्यवस्था नभएकोले जग्गाधनीले पत्याएको व्यक्तिका नाउँमा मात्र मोही नामसारी हुने भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा बाध्यात्मक व्यवस्था भएको देखिएको र वादीलाई जग्गाधनी प्रतिवादीले मोहीमा पत्याएको नदेखिएको अवस्थामा उक्त कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी यी पुनरावेदकलाई मोही मान्न मिल्ने देखिएन। विवादित कि.नं. ४६ को जग्गामा जग्गाधनीले द्वारिका देवीलाई पत्याएको देखिन आयो । यसमा यस अदालतबाट विपक्षी झिकाउँदा लिएको आधारसँग सहमत हुन सकिएन । साथै पुनरावेदक वादीले उल्लेख गरेका नजिरहरू प्रस्तुत मुद्दाको तथ्यसँग मिल्ने नदेखिने।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) मा वर्णित मोहीका उत्तराधिकारीहरूमा यी पुनरावेदक र विपक्षी समानस्तरका हुन् भन्ने देखिन आएकोले समानस्तरका नाता तथा उत्तराधिकारीहरू मध्ये जग्गाधनीले पत्याएको व्यक्तिले मोही हुने कानूनी व्यवस्था भएकोले पुनरावेदकलाई मोही कायम गर्न मिल्ने नदेखिने हुँदा विवादित जग्गाको मोही रामेश्वर चौधरी, निजको पत्नी, निजको छोरा मेहीलाल चौधरी र निजको पत्नीसमेतको मृत्युपश्चात् मेहीलालको जेठो छोरा शंकरप्रसादलाई जग्गाधनीले मोहीमा पत्याई जोतकमोद गरेकोमा शंकरप्रसादको मृत्युपछि निजको पत्नी द्वारिका थरूनीलाई मोहीमा पत्याई मोहीमा कमाई आएको भनी प्रतिउत्तरसमेतबाट देखिँदा वादीलाई प्रतिवादी जग्गाधनीले मोहीमा पत्याएको भन्ने देखिन नआएकोले कि.नं. ४६ को जग्गामा जग्गाधनीले पत्याएको द्वारिकादेवी मोही देखिएकोले सुरू भूमिसुधार कार्यालय, बाराबाट वादीका नाउँमा मोही नामसारी गर्ने ठहर्‍याएको फैसला उल्टी गरी वादी दाबी नपुग्ने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।१०।२४ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। यी पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल असोज ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७२-CR-००७७, विद्यालयको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. नविनकुमार सिंह*

प्रस्तुत मुद्दामा प्रतिवादी नविनकुमार सिंहले रकम लिनु खानु गरे गराएको वा मासेको वा निजी प्रयोगमा ल्याएको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको अवस्था नहुँदा ट्रस, जस्तापाता खरिद गर्नको लागि प्रतिवादीलाई रकम उपलब्ध गराएकोमा प्रतिवादीले नै खरिद गरी ल्याइदिने विश्वास गरी उक्त खरिद गर्ने कार्यको जिम्मेवारी दिएको पाइन्छ । यस अवस्थामा प्रतिवादीको कार्य अभियोगबमोजिम भ्रष्टाचारजन्य रहेको मान्न सकिने अवस्था नहुँदा आरोप दाबीबमोजिम प्रतिवादीलाई सजाय हुनुपर्ने देखिन नआउने हुँदा प्रतिवादी नविनकुमार सिंहले दुवै विद्यालयबाट ट्रस जस्ता पाता खरिदको लागि पेस्की लिएको रू. ४,९०,०००।- (चार लाख नब्बे हजार) आफू बिरामी भएको कारण समयमा सो खरिद गरी उपलब्ध गराउन नसकेको भनी सम्बन्धित विद्यालयको राजश्व खातामा नै दाखिला गरेको

देखिएको अवस्थामा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको भ्रष्टाचारको कसुर गरेको पुष्टि हुन नआएकोले यी प्रतिवादीलाई आरोपित कसुरबाट सफाई पाउने ठहर्‍याई विशेष अदालत, काठमाडौंबाट मिति २०७१।९।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-०३१८, लागु औषध (खैरो हेरोइन), *नेपाल सरकार वि. प्रकाश भन्ने प्रेमलाल तामाङ*

बरामद भएको लागु औषधको परिमाण प्रतिवादीहरू योगेश बास्तोला र प्रकाश भन्ने प्रेमलाल तामाङको बयानसमेतका आधारबाट यी प्रतिवादीहरूले लागु औषध खैरो हेरोइन बिक्री वितरणको लागि ल्याएको नभई सेवन गर्नको लागि ल्याएको भन्ने पुष्टि भइरहेकाले निज प्रतिवादीहरूलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(ङ)(१) बमोजिम सेवनतर्फ सजाय हुने देखिन आयो । यस अदालतबाट विपक्षी झिकाउँदा लिएका अधारसँग सहमत हुन नसकिने हुँदा प्रतिवादीहरू योगेश बास्तोला र प्रकाश भन्ने प्रेमलाल तामाङले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिमको कसुर गरेको देखिन आएकोले निज प्रतिवादीहरूलाई ऐजन दफा १४(१)(ङ) बमोजिम जनही रू. ९०००।- जरिवाना हुने ठहर्‍याई सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।३।१२ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल कात्तिक १६ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७१-CI-१२९५, परमादेश, *राजेश्वर पण्डित वि. जिल्ला शिक्षा कार्यालय, पर्सा वीरगञ्जसमेत*

विद्यालयको कोषको बैंक खाता सञ्चालन जयनारायण मल्लिक र यी पुनरावेदकको संयुक्त दस्तखतबाट सञ्चालन भएको भनी उल्लेख गरेकोमा सो बैंक खाता सञ्चालनका लागि अनुमति दिएको भन्ने पुष्टि हुने प्रमाण यी पुनरावेदकले पेस गरेको छैन । विद्यालयको बैंक खाता जिल्ला शिक्षा कार्यालय, विरगञ्जबाट रोक्का रहेको भन्ने भनाइलाई आधिकारिकरूपमा पुष्टिसमेत यी पुनरावेदकबाट गर्न सकेको देखिएको छैन । यी पुनरावेदकले दाबी लिएको विषयमा सो दाबी पुष्टि गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २६ ले निज निवेदकको नै हुने देखिँदा सोलाई प्रमाणित गर्ने खम्बिर प्रमाणहरू पेस गर्न नसकेको अवस्थामा आधार प्रमाण बिना परमादेश जारी हुनसक्ने देखिँदैन । पुनरावेदकले उल्लेख गरेको कालिका माई प्रा.वि. प्रसुरामपुर बालुवाको नाममा राष्ट्रिय वाणिज्य बैंक, श्रीपुर वीरगञ्ज शाखामा रहेको च.हि.नं. १४१३ को खाता जिल्ला शिक्षा कार्यालय, पर्साको पत्रबाट रोक्का रहेको भनेको सो रोक्का रहे नरहेको भन्ने विषयमा आधिकारिक जवाफ दिने निकाय राष्ट्रिय वाणिज्य बैंक, श्रीपुर वीरगञ्ज शाखालाई विपक्षी बनाएकोसमेत नदेखिएकोले सोसमेतको आधारमा रिट जारी हुने देखिन नआउँदा यी पुनरावेदकले उल्लेख गरेको कालिका माई प्रा.वि. प्रसुरामपुर बालुवाको नाममा राष्ट्रिय वाणिज्य बैंक श्रीपुर वीरगञ्ज शाखामा रहेको च.हि.नं. १४१३ को खाता जिल्ला शिक्षा

कार्यालय, पर्साको पत्रबाट रोक्का रहेको भन्ने खम्बिर प्रमाण पेस हुन नसकेको अवस्थामा बिनाआधार अदालतबाट आदेश जारी हुनसक्ने नदेखिँदा निवेदन खारेज हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।६।२९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक/निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०६३४, निषेधाज्ञा, *काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ३१ पुतलीसडकस्थित बोन्साई एजुकेसन कन्सल्टेन्सी प्रा.लि. बाट अख्तियार प्राप्त गरी आफ्नो हकमा समेत दीपक थापा वि. प्रभाष आचार्यसमेत*

प्रत्यर्थी निवेदकसँग पुनरावेदकले बाँकी रू.१,५०,०००।– हालसम्म नबुझाई रकम लिन बाँकी रहेको भनी पुनरावेदनमा उल्लेख गरेबाट समेत यी पुनरावेदक र प्रत्यर्थी निवेदकबिच रकम लिनेदिने सम्बन्धमा विवाद कायमै रहेको अवस्था भएबाट रकमको सम्बन्धमा पक्राउ गराउने आशङ्काको अवस्था विद्यमान नै देखिएको छ । देवानी प्रकृतिको विषयमा अनधिकृत निकायमा उजुरी गरी प्रत्यर्थीलाई पक्राउ गराउने सम्भावना भएको अवस्थामा निषेधाज्ञाको आदेश जारी हुने नै देखिन आयो । अतः पुनरावेदक प्रतिवादीहरू समेतको नाममा पक्राउ नगर्नु नगराउनु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।८ मा भएको निषेधाज्ञाको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल कात्तिक १५ गते रोज १ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CI-०४६८, अंश चलन, *बिजुला खतिवडा वि. शम्भुप्रसाद खतिवडासमेत*

प्रतिवादी कुमार खतिवडाको नाउँमा कायम रहेको कि.नं. २१० को सम्बन्धमा का.जि., सुनटोल गा.वि.स.वडा नं.८(ट) कि.नं.१७१ को क्षेत्रफल १-१२-०-० जग्गामध्ये क्षेत्रफल १-२-०-० जग्गा कित्ताकाट गरी कायमी कि.नं.२१० को जग्गा भरतराज उप्रेतीबाट मूल्य रू.१,८०,०००।- मा मिति २०६४।१।१० मा र.नं.२४३६(ग) बाट यी प्रतिवादी कुमार खतिवडाले राजीनामा पारित गरी लिएको देखिन्छ र सो जग्गा आफूले प्राप्त गरेको तलब, भत्ता, बोनससमेतको रकमबाट खरिद गरेको हुँ भनेका छन् । प्रतिवादी कुमार खतिवडा NCC Bank मा २००१ मार्च २६ (२०५७।१२।१३) बाट जुनियर सहायक पदमा स्थायी नियुक्ति पाई निजले तलब, भत्ता, बोनससमेत गरी बार्षिक रू.२,५५,६५१।- पाउने गरेको छ भनी उक्त बैंकको पत्रबाट देखिन्छ । उक्त कि.नं.२१० को जग्गा निजले NCC Bank मा काम गरेबापत वार्षिक रू. २,५५,६५१।– को तलब समेतको आय आर्जनबाट खरिद गर्न सक्ने नै भएको देखिँदा र निजको सोही व्यहोराको जिकिर रहेको देखिँदा सो जग्गा निजको निजी आर्जनको सम्पत्तिबाट खरिद गरेको देखिन आउने ।

प्रतिवादी कुमार खतिवडाले नेपाल क्रेडिट एन्ड कमर्स बैंकमा कि.नं.३४५ को जग्गा मिति २०६६।१०।२४ र.नं. ८५३३(क) बाट दृष्टिबन्धक पास गरी दिई धितो राखी घरजग्गा निर्माण/खरिद गर्नको लागि रू. ८,२८,०००।- कर्जा लिएको मिति २०६६।११।३ को तमसुक तथा निजको नाउँको 15 feb. 2010 को NCC बैंक स्टेटमेन्टबाट देखिन्छ । आफ्नो तलब, भत्ता, बोनस तथा तत्काल अन्य मानिसहरूबाट लिएको व्यक्तिगत ऋण कर्जाबाट

उक्त कि.नं.२३ को जग्गा खरिद गरी लिएको ऋण तिर्नसमेत प्रतिवादीले आफू कार्यरत रहेको बैंकमा जग्गा धितो राखी ऋण लिएकोसमेत देखिन्छ । उक्त कि.नं.२३ को जग्गा आफ्नो नाउँमा खरिद गरी सो जग्गामध्ये क्षेत्रफल ४-१-०-० जग्गा अन्य मानिसलाई बिक्री वितरण गरेको देखियो । सो कुरामा यी वादीले तथा अन्य अंशियारले दाबी उजुर गरेको नदेखिनुका साथै सो जग्गा खरिद गर्दा सगोलको परिवारको अंशियारको कमाईको रकम परेको भन्ने र ऋण तिरेको भन्ने कुनै आधार प्रमाण मिसिल सामेल रहे भएको देखिँदैन । यसर्थ उक्त कि.नं.२३ बाट कित्ताकाट गरी कायम हुन आएको कि.नं.२१६ र २३१ को जग्गा माथि उल्लिखित आधार प्रमाणबाट प्रतिवादी कुमार खतिवडाको निजी आर्जनको सम्पत्ति देखिन आई अन्य अंशियारलाई बन्डा लाग्ने सम्पत्ति देखिन नआउने।

का.जि., सुनटोल गा.वि.स.वडा नं.८(ग) कि.नं.३४५ को क्षेत्रफल ०-१४-१-२ को जग्गा मिति २०६५।७।८ मा र.नं. ३८४१ बाट रू. २,००,०००।- (दुईलाख रूपैयाँ) मा ललिता श्रेष्ठबाट यी पुनरावेदक कुमार खतिवडाले राजीनामाको लिखतबाट खरिद गरी लिएको देखिन्छ । उक्त कि.नं.२१० को मालपोत कार्यालय, चाबहिल, काठमाडौंबाट प्राप्त रोक्का विवरणमा रोक्का गर्ने कार्यालय कृतिका बचत तथा ऋण सहकारी संस्था लिमिटेडको चलानी नं.२१ मिति २०६४।१।२६ रोक्का मूल्य ३,००,०००।- उल्लेख भएको र सो कि.नं. ३४५ जग्गा खरिद गर्दा कृतिका बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट ऋण लिई खरिद गरेको भन्ने देखिँदा रू. ३,००,०००।- (तिन लाख) कर्जा लिई रू. २,००,०००।- (दुई लाख) रूपैयाँमा उक्त कि.नं. ३४५ को जग्गा खरिद गरेको भन्ने पुष्टि हुन्छ । यसर्थ प्रतिवादी कुमार खतिवडाको निजी आय आर्जन प्रयास र आफ्नो नाउँमा भएको जग्गा धितो राखी ऋण लिई खरिद गरेको र ऋण तिरेकोसमेत देखिँदा सो कि.नं.३४५ को जग्गा निज पुनरावेदक कुमार खतिवडाको निजी आर्जनको देखिन आई अन्य अंशियारमा बन्डा नलाग्ने सम्पत्ति देखिन आउने।

प्रतिवादी कुमार खतिवडाले नेपाल क्रेडिट एन्ड कमर्स बैंक लिमिटेडमा जुनियर सहायक पदमा काम गरी प्राप्त तलबसमेतको निजी आर्जन र प्रयास तथा सहकारी संस्थासमेतबाट ऋण लिई कि.नं.२१०, ३४५,र कि.नं. २३ बाट कित्ताकाट भई कायम २३१ र २१६ को जग्गालाई मुलुकी ऐन, अंशबन्डाको १८ नं. बमोजिम प्रतिवादी कुमार खतिवडाको निजी आर्जनको हो भनी पुनरावेदन अदालत, पाटनले गरेको फैसला मिलेको नै देखिन आउने उल्लिखित आधार कारणहरूबाट प्रतिवादी कुमार खतिवडाले निजी आर्जनबाट खरिद गरेको कि.नं.३४५ कि.नं. २१० र कि.नं.२३ कित्ताकाट भई कायम कि.नं. २१६ र २३१ को मोहियानी हकको आधाबाहेकको जग्गासमेत बन्डा लाग्ने ठहऱ्याएको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।२।३० को फैसला मिलेको नदेखिँदा केही उल्टी भइ प्रतिवादी कुमार खतिवडाको निजी आर्जनको ठहरी बन्डा नलाग्ने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।३० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी बिजुला खतिवडाको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल साउन २७ गते रोज ४ शुभम्।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-०३१८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दीपेन्द्र विपिन भन्ने बिपिन सुतिहार*

प्रतिवादी दीपेन्द्र भन्ने बिपिन सुतिहार र मृतक ब्रम्हदेव सुतिहारबिच मिति २०६५।५।१२ गते

बेलुका ७।४० बजेको समयमा टिभिमा फिल्म हेर्ने विषयमा हाम्रो वादविवाद भएको र मृतकले मलाई पहिला हातले हिर्काएको र पछि निजले काठले मेरो देब्रेपट्टिको निधारमा हिर्काएकोले म भुइँमा लडेँ त्यसपछि झगडा गर्नु हुन्न भनी सँगै फर्निचरमा काम गर्ने रामकुमार सुतिहारले भनी निज मृतकलाई समाउँदा मैले उठी म नजिकै रहेको काठले मृतक ब्रम्हदेव सुतिहारले टाउकोमा प्रहार गरेको भनी लेखाएको देखियो । त्यसैगरी मृतक ब्रम्हदेव सुतिहारको शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारणमा Blunt force trauma to the head भन्ने उल्लेख भएको र निजको घा जाँच केश फाराममा at front parietal region टाउकोमा ४ cm को घाउ (Lacerated) दाहिने घुँडामा १ cm को छाला खुइलेको घाउ रहेको भन्ने देखिन्छ । यसर्थ मृतक ब्रम्हदेव सुतिहारको मृत्युको कारणमा टाउकोमा परेको चोटबाट भएको भन्ने देखिँदा मृतकको मृत्यु स्वाभाविकरूपमा भएको नभई कर्तव्यबाट भएको पुष्टि हुने ।

प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरेको भए तापनि मृतकलाई मार्न प्रयोग भएको काठको चिरपट प्रतिवादीले मौकामा सनाखत गरेको, मृतकको शव परीक्षण प्रतिवेदन र उक्त घटना हुँदा प्रत्यक्ष देख्ने साक्षीहरूले मृतकको मृत्यु प्रतिवादी बिपिन सुतिहारको प्रहारबाट भएको भनी लेखाएका छन् । यसबाट मृतकलाई प्रतिवादी बिपिन सुतिहारले काठको चिरपटको प्रहारबाट मृत्यु भएको पुष्टि हुन्छ । अब यस्तो कार्यमा प्रतिवादी र मृतकबिचमा घटना घट्नुभन्दा अगाडि रिसइवी रहेको छ, छैन र मृतकलाई मार्छु नै भनी पूर्वयोजना बनाएको छ, छैन भन्ने सम्बन्धमा हेर्दा यी प्रतिवादीले वादविवाद र कुटाकुट हुँदा तत्काल उठेको रिसको आवेशमा आफू नजिकै रहेको काठको चिरपटले मृतकलाई प्रहार गर्दा ज्यान गएको देखिन्छ । यी प्रतिवादी र मृतक ब्रम्हदेवबिच पूर्वरिसइवी रहेको र मृतकलाई मार्छु नै भनी योजना बनाई प्रतिवादीलाई मारेको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिने ।

प्रतिवादी दीपेन्द्र भन्ने बिपिन सुतिहारलाई ज्यानसम्बन्धीको महलको ६(४) नं. बमोजिम २ (दुई) वर्ष कैदको सजाय गर्ने गरेकोमा निज प्रतिवादी नाबालक भएकोले निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १ (एक) वर्ष कैदको सजाय गर्ने गरी पुनरावेदन अदालत, पाटनले मिति २०६८।९।२५ मा गरेको फैसला केही उल्टी भई प्रतिवादी बिपिन सुतिहारलाई ज्यानसम्बन्धीको महलको १४ नं. को कसुरमा १० वर्ष कैदको सजाय हुनेमा निज नाबालक भएकोले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम सोको आधा ५ (पाँच) वर्ष कैदको सजाय हुने ठहर्छ । प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल भदौ २१ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६४-CR-०६६६, भ्रष्टाचार, *नेपाल सरकार वि. प्रेमप्रसाद सुवेदीसमेत*

जग्गा खरिद गर्दा घर गोठसमेत खरिद गरेको व्यहोरा उल्लेख गरी खरिद गरेको अवस्थामा सो घर निर्माणको लागतसँग प्रतिवादीको कुनै सम्बन्ध रहेको नदेखिनुका अतिरिक्त यदि घर गोठको छुट्टै मूल्य कायम गरी खरिद गरेको भए पारित लिखतमा सो जनिनु पर्नेमा सो जनिएको नदेखिँदा उल्लिखित लिखतमा अङ्कित भएको मोलभित्र घर र जग्गा खरिद गर्दा प्रतिवादीले भुक्तान गर्ने अवस्था रहेकोले आरोपपत्रमा उल्लेख भएबमोजिम घरको लागत भनी छुट्टै भुक्तान

गरेको नदेखिँदा निजको आयबाट पुष्टि गर्नुपर्ने अवस्था नरहेकोले सो घरको मात्र दाबिमा उल्लेख भएबमोजिम रकम भुक्तान गरेको अवस्था नरहेको हुँदा दाबिमा लिइएको घरको मोल जग्गाको मोलमा समावेश भएको पुष्टि भएकोले सो घरको मोल रकम छुट्टै कायम गर्ने गरी प्रतिवादीको हकमा बढी रकम दाबी गरेको मिलेको छैन । निजको सम्पत्तिमा समावेश हुने रहेछ भनी मान्न मिल्ने देखिएन । सोसमेतका आधार र कारणबाट कि.नं. १५ मा रहेको घर गोठको सम्बन्धमा आयोगले रू. ११,२३,९५३।४९ बिगो कायम गरेकोमा विशेष अदालतले उक्त कि. नं. १५ को घर गोठ र कि.नं. २२३ को जग्गा बिगाहा २-२-५ समेत जम्मा एकमुष्ट रू. १,८५,०००।- कायम गरेकोलाई अन्यथा मान्न मिलेन । विशेष अदालतले गरेको उक्त विश्लेषण मनासिब नै देखिने ।

जग्गा खरिद गर्दाको समयमा प्रतिवादीसँग वैधानिक स्रोतबाट प्राप्त रकम नभएकोले सो जग्गाबाट प्राप्त आयस्तालाई आयमा गणना नगरेको तथा सो अवधिसम्म प्रतिवादीले कृषिकार्यबाट प्राप्त गरेको आम्दानी निजले बालाजुस्थित घर निर्माण गर्दा खर्च गरेको देखिएको भनी आरोपपत्रमा दाबी लिए पनि उल्लिखित जग्गा कृषियोग्य भएको हुँदा कृषि आय प्राप्त गरेको र घरको निर्माण २०४१ मा सम्पन्न भएको हुँदा २०४० मा जग्गा खरिद गर्दा सो अवधिसम्म बचत भएको रकम र केही रकम सरसापट गरी खरिद गरेको भनी प्रतिवादीले जिकिर लिएको देखिन्छ । निज प्रतिवादीको उक्त जिकिरलाई आयोगले स्रोत खुलेको सम्पत्तिको विश्लेषणको व्यहोरामा कायम गरेको देखिन्छ । सो समयमा उल्लिखित जग्गा खरिद गर्नसक्ने अवस्था विद्यमान हुँदा सो जग्गा खरिद गर्दा निजले वैधानिक स्रोतबाट प्राप्त गरेको रकम नै उपयोग गरेको देखिन आउँछ । सो जग्गाबाट निजले आय प्राप्त गरेका रहेनछन् भनी मान्न मिल्ने नदेखिने ।

प्रतिवादीसमेतको नाउँमा रहेको जग्गा कृषि योग्य जग्गा रहेको देखिन्छ । सो कुरालाई पुनरावेदक वादीले अन्यथा भन्न सकेको देखिँदैन । कृषियोग्य जग्गा रहेको कुरामा कुनै विवाद नरहेको अवस्थामा सो जग्गाबाट उत्पादित अन्नको आयस्ताबाट आय प्राप्त गर्नु स्वाभाविक नै देखिन्छ । प्रतिवादीले सो जग्गाको आयस्ताबाट रू. १२,२५,०००।- प्राप्त गरेको भन्ने निजको भनाइ रहेको छ । निजका नाममा रहेको जग्गाको क्षेत्रफल, सिँचाई सुविधा, खेती गर्ने प्रणाली, उन्नत बिउ, रसायनिक मलको प्रयोग मौसमको अनुकूलता जस्तो कुराबाट कृषि उत्पादनको परिमाण निर्धारण हुने भएकोले यी मापदण्डबाट सो जग्गामा के कति उत्पादन भएको र त्यसको बजारभाउको आधारमा कृषि आय निश्चित गर्नुपर्ने ।

कायम रहेको जग्गाको हिसाबबाट उत्पादन परिमाण निर्धारण हुने र बजार भाउको हिसाबबाट आय निश्चित हुने भएकोले निजको जग्गाको आयस्ता यकिन गर्नु पर्दा निजले दाबी गरेको उत्पादन परिमाण अस्वाभाविक नदेखिएको हुँदा र बजार भाउको हिसाबबाट समेत निजको माग सामयिक नै रहेको देखिन आउने ।

घरमा कोठा पर्याप्त भएको अवस्थामा घर भाडामा लिने दिने कुरा स्वाभाविक हो । भाडाको रकमसम्बन्धमा भाडामा लिने दिनेको आवश्यकता र सहमतिमा रकम निर्धारण हुने भएकोले प्रतिवादीले घर भाडाबापत प्राप्त गरेको रकम कोठाको सङ्ख्याको हिसाबबाट अस्वाभाविक नदेखिएको अवस्थामा दाबीको रकम प्राप्त गरेको मान्नु पर्ने ।

अंश बन्डा हुँदा घरमा भएको नगद सुन चाँदी गरगहना आदिसमेत बाँडफाँड हुने कुरा स्वाभाविक देखिएको तथा अंश बन्डा गर्दा नगद लिन सकिने नै हुँदा अंश बन्डाबापत प्राप्त गरेको भनी प्रतिवादीले लिएको जिकिरलाई अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिँदा निजले जिकिर लिएअनुरूप अंश बन्डाबापत प्राप्त गरेको रू. ६०,०००।- लाई निजको आयमा समावेश

गरेको विशेष अदालतको विश्लेषणलाई अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिँदा पुनरावेदक वादीको उपर्युक्त पुनरावेदन जिकिरसमेत स्वीकार्य नदेखिने।

प्रतिवादीउपर लिइएको दाबीअनुसार प्रतिवादीको नाममा देखिएको र जाँच अवधिमा आर्जन गरेको सम्पत्तिको विवरणअनुसार अचल सम्पत्ति घरबाट १३,०१,६१३।-, जग्गाबाट १५,६०,०५८।- गरी जम्मा रू. २८६१६७१।- चल सम्पत्ति फर्निचरबाट ८६,४९८।-, विधुतीय उपकरणबाट १,१२,०००।- तथा बैंक मौज्दातबाट १२,८९,४३३।- समेत जम्मा रू. १४८७९३१।- समेत जम्मा ४३,४९,६०२।- देखिन आएको तथा प्रतिवादीको आयको स्रोत तलब भत्ताबाट रू. १६,४६,६८४।- विदेश भ्रमणबाट रू. १,७४,०००।- सञ्चयकोष, औषधी उपचारको र विदाको रकमसमेतबाट रू.२,४१,७८२।- अंश बन्डाबाट रू.६०,०००।- जग्गा बिक्रीबाट रू.८,४९,७००।-, बैंक ब्याजबाट रू.३,०७,५२१।- परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त भत्ता रू.१६,१४२।-, कृषि आयबाट रू.९,३५,०००।- तथा घरभाडाबाट रू.७,८६,०००।- समेत गरी जम्मा रू. ५०,१६,८२९।- देखिन आएकोले निजले आर्जन गरेको मौजुदा सम्पत्तिभन्दा आयको स्रोतबाट प्राप्त वैध रकम बढी नै देखिन आएको भनी सुरू विशेष अदालतले गरेको विश्लेषणलाई अन्यथा रहेछ भनी मान्न मिल्ने नदेखिने।

प्रस्तुत मुद्दामा प्रतिवादी प्रेमप्रसाद सुबेदीउपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० (१) अन्तर्गतको कसुर गरेको देखिएकोले निज प्रतिवादीलाई उपर्युक्त भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिमको सजायको माग दाबी लिएको देखिए पनि आरोपपत्रमा उल्लेख भएअनुसारको प्रत्यर्थी प्रतिवादीको जिम्मामा रहेको कुल मौज्दात सम्पत्तिभन्दा प्रत्यर्थी प्रतिवादीको वैधानिक आयस्रोत बढी नै रहेको उल्लिखित विश्लेषणबाट देखिएको अवस्था र स्थितिमा प्रत्यर्थी प्रतिवादीलाई सजायको भागिदार बनाइनु उक्त कानूनी व्यवस्थाको मनसाय र उद्देश्यविपरीत हुन जाने देखिन्छ। अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरेको भनी आरोपपत्रमा उल्लेख गर्नु मात्र पर्याप्त हुँदैन सो कुरालाई वस्तुनिष्ट एवम् भरपर्दो प्रमाणले पुष्टिसमेत गरेको हुनुपर्ने।

प्रतिवादीले देखाएका आयका स्रोत र त्यसलाई समर्थन गर्ने प्रमाण तथा न्यायोचित अनुमानको आधारमा पाइएका तथ्यको विश्लेषण र आधारबाट निजले आर्जन गरेको मौजुदा सम्पत्तिभन्दा आयका स्रोतबाट प्राप्त वैध रकम बढी देखिएकोले निजउपरको सो आरोप पुष्टि हुन आएन। तसर्थ उल्लिखित आधार, कारण तथा मिसिल संलग्न सबुद प्रमाणबाट प्रतिवादी प्रेमप्रसाद सुबेदीले वैध आयस्रोतको अनुपातमा अमिल्दो र अस्वाभाविक सम्पत्ति आर्जन गरेको पुष्टि हुन नआएको हुँदा निज प्रत्यर्थी प्रतिवादीले दाबीको कसुर गरेको नठहरी सफाइ पाउने ठहऱ्याई भएको विशेष अदालत, काठमाडौंको मिति २०६४।८।२४ को फैसला न्यायको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको प्रस्तुत पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : हरिकृष्ण श्रेष्ठ

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०२७०, ०६८-CR-०३४४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ओम भन्ने अनिल घर्तीमगर, छविलाल घर्तीमगर वि. नेपाल सरकार*

मृतक रणबहादुर घर्तीमगर र पूर्णबहादुर घर्तीमगरको मृत्यु स्वाभाविकरूपमा भएको हो

वा कर्तव्यबाट भएको हो भन्ने सम्बन्धमा हेर्दा, मिति २०६५।१।२७ गते बेलुकासम्म यी दुवैजना काठमाडौंको मित्रनगरस्थित मगर गेस्ट हाउसको कोठा नं. ३०७ मा सकुशल बसेको भन्ने स्वयम् प्रतिवादीहरू अनिल घर्तीमगर र छविलाल घर्तीमगरसमेतको बयानबाट खुल्न आएको छ । त्यसै गरी मृतक पूर्णबहादुर घर्तीमगरको मृत्युको कारणमा "Sharp Force Injury to Neck" भन्ने र मृतक रणबहादुर घर्तीमगरको मृत्युको कारण "Sharp Force Injury to Neck Couple Blunt Force Head Neck" भन्ने रहेको निजहरूको शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको छ । यी कुरालाई मृतकहरूमध्ये पूर्णबहादुर घर्तीको शरीरको अगाडिको भागमा धारिलो हतियारले काटेको घाउ र बायाँ कानको २ इन्च मुनि गहिराई नाप्न नसकिने घाउ र मृतक रणबहादुर घर्तीको बायाँ कानमाथि ५ इन्च गोलाई १ इन्च गहिरो काटेको घाउ र घाँटीको दायाँबायाँ र घाँटीमुनि धारिलो हतियारले काटेको घाउ रहेको भन्ने लासजाँच मुलुल्कामा उल्लेख भएको देखिएको हुँदा मृतकहरू रणबहादुर घर्तीमगर र पूर्णबहादुर घर्तीमगरको मृत्यु स्वाभाविकरूपमा भएको नभई कर्तव्यबाट नै भएको पुष्टि हुने।

पुनरावेदक प्रतिवादी छविलाल घर्तीमगरले अभियोग दाबीबाट सफाइपाउँ भनी दिएको पुनरावेदन जिकिरसम्बन्धमा हेर्दा, मैले टोनी भन्ने तिर्सना घर्तीसँग विवाह गरी करिब ६ महिनाअगाडि रोजगारको लागि विदेश गएकोमा घरमा भएकी श्रीमतीलाई मेरै भाइ पूर्णबहादुर घर्तीले अनुचित सम्बन्ध राखी मेरो श्रीमतीलाई गर्भवती बनाएकोमा म घर आएपछि निज भाइ छविलाल घर्तीमगर विदेश जान भनी काठमाडौं आएको कुरा थाहा पाई अनिल घर्तीमगरसँग सम्पर्क गर्दा भाइ पूर्णबहादुर घर्ती र रणबहादुर घर्ती आफूसँग बस्ने गरेको मगर गेस्ट हाउसको ३०७ नं. को कोठा देखाई दिएँ। राति कोठाको ढोकासमेत खोल्न मिस्कल गर्नु भनेकोले मिति २०६५।१।२७ गते म प्युठान गेस्ट हाउसबाट मगर गेस्ट हाउसमा बसेका अनिल घर्तीमगरलाई मिस्कल गरी ३०७ नं. कोठामा जाँदा अनिलले ढोकाको चुक्कुल खुलै राखिदिएको र म पुगेपछि निजले परिपञ्च मिलाई दिएकोले पहिला भाइ पूर्णबहादुर घर्तीलाई काटी मारेको र पछि रणबहादुर घर्तीलाई भाग्न भनेको तर नमानेकोले निजलाई समेत काटी मारेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी छविलाल मगरले अधिकारप्राप्त अधिकारीसमक्ष सिलसलेवार र मालाकाररूपमा बयान गरेको देखियो । उक्त बयानलाई अर्का प्रतिवादी विश्वास ओम भन्ने अनिल घर्तीमगरको बयान, किर्तिमान घर्तीमगर र झमानसिंह घर्तीमगरको किटानी जाहेरी दरखास्त, मगर गेस्ट हाउसका सञ्चालक रमेश बुढाथोकीले गरिदिएको कागज, मौकामा बुझिएका मानिसहरू हुकुमबहादुर रोक्का, देवराज घिमिरे, लाइनबहादुर घर्ती मगरले गरेको कागज, प्युठानी फेम्ली गेस्ट हाउसको संचालक मुगबहादुर पुन मगरले गरेको कागज, मृतक रणबहादुर घर्ती मगरको मृत्यु "Sharp Force Injury to neck coupled blunt force head injury" बाट भएको भन्ने व्यहोराको मृतक रणबहादुर घर्तीमगरको लास पोस्टमार्टम रिपोर्ट, मृतक पूर्णबहादुर घर्तीमगरको मृत्यु "Sharp Force Injury to neck" बाट भएको भन्ने व्यहोराको मृतक पूर्णबहादुर घर्तीमगरको पोस्टमार्टम रिपोर्ट र मृतक पूर्णबहादुर घर्तीमगर तथा रणबहादुर घर्तीमगरको लास जाँच मुचुल्कासमेतका कागजातबाट प्रतिवादी छबिलाल घर्ती मगरले मृतकहरूलाई कर्तव्य गरी मारेको देखियो । यस्तो अवस्थामा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. विपरीतको कसुरमा ऐ.को १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नै देखिने।

प्रतिवादी अनिल घर्तीमगरलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट पर्न आएको पुनरावेदन जिकिर

सम्बन्धमा हेर्दा, प्रतिवादी अनिल घर्ती विरूद्ध ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. विपरीतको कसुरमा ऐ. नं. बमोजिम सजायको अभियोग माग दाबी लिएकोमा निजलाई पुनरावेदन अदालत, पाटनबाट ऐ.को १७(३) नं.बमोजिम १ वर्ष ६ महिना कैदको सजाय गरिएको छ । अभियोग पत्र हेर्दा, निज प्रतिवादी अनिल घर्तीमगर मृतक पूर्णबहादुरको साथमा काठमाडौं आई मगर गेस्ट हाउसको ३०७ नं. को कोठामा बसेको अवस्थामा प्रतिवादी छवीलालसँग पहिले भएको सल्लाहबमोजिम प्रतिवादी छवीलालको मिस्कलको आधारमा यी प्रतिवादी अनिल घर्तीमगरले मगर गेस्ट हाउसको उक्त कोठाको चुक्कुल खोली दिएका र त्यसपछि प्रतिवादी छवीलाल घर्तीमगर उक्त मगर गेस्ट हाउसको मृतक पूर्णबहादुर बसेको कोठामा पसी पूर्णबहादुर र रणबहादुरलाई छुरी प्रहार गरी मारेको देखियो । वारदातको यो पृष्ठभूमि र अवस्थाबाट प्रतिवादी अनिल घर्तीमगर मृतकहरूलाई मार्ने कार्यमा स्वयम् आफैँ सरिक र संलग्न भएको मिसिल संलग्न कागजातबाट देखिँदैन । मृतकहरू पूर्णबहादुर र रणबहादुर बसेको गेस्ट हाउस बताउने र आफू बसेको कोठाको चुक्कुलसम्म खोलिदिएकोले निजलाई अन्य किसिमको मतलबी भएको भन्ने आधारमा ऐ.महलको १७(३) नं. बमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था देखिन आएन । यसर्थ प्रतिवादी अनिल घर्तीमगरलाई अभियोग दाबीभन्दा कम सजाय गर्ने गरी पुनरावेदन अदालत, पाटनले गरेको फैसला त्रुटिपूर्ण हुँदा सो बदर गरी निजलाई सुरू अभियोग दाबीबमोजिम हदैसम्म सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने हुँदा प्रतिवादी छवीलाल घर्तीमगरले मृतक द्वय पूर्णबहादुर घर्ती र रणबहादुर घर्तीलाई धारिलो हतियार प्रयोग गरी ज्यान मारेकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद गर्ने र अर्का प्रतिवादी अनिल घर्तीमगरलाई ऐ.को १७(३) नं. बमोजिम १ वर्ष ६ महिना कैद सजाय हुने गरी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६५।११।१३ मा गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनले मिति २०६७।०३।१५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादी छवीलाल घर्ती र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत २०७२ साल मङ्सिर २० गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोपाल पराजुली,** ०६७-CI-१०६९, हालसाबिक दर्ता, *जयप्रसाद रेग्मी वि. किरण शाहीसमेत*

नापनक्साबाट हाल कायम भएको कि.नं.२८ मा वादीहरूको गुठी रैतानी भएको साबिक कि.नं.२३ र वादीहरूका पति/पिताले मिति २०२९।९।२ को घरायसी लिखतबाट पाएअनुसारको जग्गा तथा प्रतिवादी गुठी संस्थानको स्वामित्वको कि.नं.२६६ को जग्गासमेत समावेश भई नापी भएको देखिएको छ । मालपोत कार्यालयले नापी शाखाबाट प्राप्त गरेको हाल साबिक विवरणमा कि.नं.२८ पूरै कित्तामा वादीहरूले घर बनाई बसोबास गरेको भनी उल्लेख भएको देखिन्छ । सुरू मालपोत कार्यालयले निर्णय गर्दा उक्त कि.नं. मा घर निर्माण भएतर्फ कसैले उजुर नगरेको भनी बोलेको पाइन्छ । हाल कायम कि.नं.२८ मा साबिक कि.नं.२३ को गुठी रैतानी भएको वादीहरूको जग्गा के कति हो, गुठीको कि.नं.२६६ को कति जग्गा उक्त कि.नं. मा घुस्न गएको हो । साबिक कि.नं. २३ बाट हाल नयाँ नापीमा कायम कि.नं.मा के कसले के कुन आधारमा घर बनाई बसोबास गरेको हो भन्नेसमेतका

प्रश्नहरूमा वादी र प्रतिवादीहरू बिच विवाद खडा भएको देखिन्छ। उक्त तथ्यगत प्रश्नको निराकरण सबुत प्रमाणको आधारबाट मात्र गर्न सकिन्छ । मालपोत कार्यालयले सबुत प्रमाण बुझी त्यसको मूल्याङ्कन गरी कुनै जग्गाको तेरो मेरोको विषयमा निर्णय गर्नसक्ने अख्तियारी कानूनद्वारा पाएको देखिँदैन । दुरूस्त रहेको निर्विवादित स्रेस्ताअनुसार दर्ता सच्याउनसम्म सक्ने हो । तर, दुई पक्षबिच विवाद परेको अवस्थामा सबुत प्रमाणको मूल्याङ्कन गरी दर्ता सच्याउन भने सक्दैन । तेरो मेरो परेकोमा सबुत प्रमाण बुझी निर्णय गर्न पाउने सुरू तहमा अख्तियारी भने सम्बन्धित जिल्ला अदालतकै हुन्छ । तसर्थ, सबुत प्रमाण हेरी बुझी मूल्याङ्कन गरी तेरो मेरोको विषयमा बोल्नु पर्ने अवस्था आएमा मालपोत कार्यालयबाट सम्बन्धित सक्षम अदालतबाट हक कायम गराई ल्याउनु पर्ने गरी निर्णय हुनुपर्ने।

गुठीको जग्गामा सहमतिबेगर प्रतिवादीहरूले घर बनाई बसोबास गरेकै आधारमा गुठीको हक समाप्त हुनसक्छ सक्दैन भन्ने विषय कानूनी हो। यस्तो कानूनी व्याख्याको प्रश्न पनि अदालतबाटै हकबेहक यकिन गरी निर्णय गर्न न्यायोचित हुने देखिन्छ। यसरी कि.नं.२८ को जग्गाको स्वामित्वसम्बन्धमा हक बेहकको प्रश्न खडा भइरहेको स्थितिमा मालपोत कार्यालय आफैँले प्रमाण बुझी हाल साबिक गरी दर्ता हुने ठहर्‍याएको निर्णय त्रुटिपूर्ण हुँदा उक्त निर्णय बदर गरी पक्ष विपक्षलाई हक कायम गराई ल्याउन सुनाइदिनु भनी मिसिलसमेत मालपोत कार्यालय, कलङ्कीमा पठाउने गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको देखिन नआउने हुँदा पक्ष विपक्षलाई अदालतबाट हक कायम गराई ल्याउन सुनाउनु भनी मिसिलसमेत सुरू मालपोत कार्यालयमा पठाइदिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।११।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी गुठी संस्थान कार्यालय, कालमोचनको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : कपिलमणि गौतम

कम्प्युटर : अभिषेककुमार राय

इति संवत् २०७२ साल पुस ६ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री दीपकराज जोशी,** ०६९-CI-०२६६, मापदण्डविपरीत भवन निर्माण गरेको, *पदमकुमार मैनाली वि. चुनचुनकुमारी*

नगर विकास ऐन, २०४५ को दफा २८.३ ले साविकको नगर निर्माण योजना कार्यान्वयन ऐन, २०२९ अन्तर्गतको समितिलाई नै कायम गरेको अवस्थामा प्रचलित नगर विकास ऐनअनुरूप नयाँ समिति गठन नगरी खारेज भइसकेको ऐनले तोकेको समितिलाई कानूनी अख्तियारीबिना सामान्य प्रशासकीय निर्णयबाट परिवर्तन गरेर हुनसक्ने देखिँदैन । मिति २०६६।४।६ को काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, ललितपुरको निर्णय हेर्दा कानूनी अख्तियारीबिना सामान्य प्रशासकीय निर्णयबाट हेरफेर भई तोकिएका अध्यक्ष एवम् सदस्यबाट प्रत्यर्थीसमेतको घरजग्गा कुनै पनि व्यहोराले हक छाडिदिन वा धितो बन्धकीमा राख्न नपाउने गरी रोक्का राख्न मालपोत कार्यालय, ललितपुरमा लेखी पठाउने निर्णय भएको पाइन्छ । यसरी कानूनी अख्तियारी नरहेको समितिले गरेको निर्णय स्वयम्मा शुन्य एवम् प्रभावहीन अवस्थामा रहने हुँदा समितिको कामकारवाही कानूनी त्रुटिपूर्ण रहेको देखिने।

समान तथ्य कानूनी प्रश्न समावेश भएको पुनरावेदन अदालतले उद्धृत गरेको जलनकुमार मानन्धरसमेत निवेदक र नगर विकास ऐन, २०४५ द्वारा गठित पुनरावेदन समिति मुकाम आवास तथा भौतिक योजना मन्त्रालय, सिंहदरबारसमेत विपक्षी भएको २०६१ सालको रिट नं. ३३२६ को उत्प्रेषणको

निवेदनमा अधिकारक्षेत्रकै अभाव रहेको समितिका पदाधिकारीबाट भएको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने भनी यस अदालत, संयुक्त इजलासबाट मिति २०६४।६।२२ मा आदेश भएको पाइन्छ । तसर्थ, काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, ललितपुरका सदस्य हेरफेर भएको सूचना नगर विकास योजना कार्यान्वयन समिति, ललितपुरका सदस्य हेरफेर भएको सूचना नगर विकास ऐन, २०४५ को दफा ४ र २८.३ विपरीत भई कानूनप्रतिकूल रहेको देखिन आउने।

राज्यका कुनै पनि अङ्गले कानूनको अधिनमा रही काम कर्तव्य निर्वाह गर्नुपर्दछ। सार्वभौम जनताका प्रतिनिधि संसद्‌बाट बनेको ऐनलाई सरकारबाट हेरफेर गर्न मिल्ने कुरा होइन। त्यसरी हेरफेर गरिएको भए पनि सोलाई वैध मान्न मिल्दैन। संवैधानिक रूपमा संविधान कानूनको अन्तिम व्याख्याता र संरक्षकको अधिकार बहन गरेको यस अदालतले कानूनी अख्तियारीबिनाको प्रशासकीय निर्णयबाट गठित समितिले गरेको निर्णयलाई कानूनत: उचित मान्न नमिल्ने।

उल्लिखित आधार कारण र यस अदालतबाट भएको पूर्व आदेशसमेतबाट नगर विकास ऐन, २०४५ को दफा ४ र २८.३ विपरीत प्रशासकीय निर्णयबाट गठित नगर विकास योजना कार्यान्वयन समिति, ललितपुरबाट मिति २०६६।४।६ मा भएको निर्णय उल्टी गरी बदरसमेत हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।२२ मा भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल चैत २३ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०२६१, स्वीकृत नक्साबिना घर निर्माण गरेको, *पद्मकुमार मैनाली वि. लक्ष्मीभक्त रंजित*
- ०६९-CI-०२६२, स्वीकृत नक्साबिना मापदण्डविपरीत घर निर्माण गरेको, *पद्मकुमार मैनाली वि. हरिशरण श्रेष्ठ* ०६९-CI-०२६३, स्वीकृत नक्साबिना घर निर्माण गरेको, *पद्मकुमार मैनाली वि. वीरेन्द्रलाल श्रेष्ठ*
- ०६९-CI-०२६४, मापदण्डविपरीत घर निर्माण गरेको, *पद्मकुमार मैनाली वि. अच्युत श्रेष्ठ*
- ०६९-CI-०२६५, नक्सापासबिना मापदण्डविपरीत घर निर्माण गरेको, *पद्मकुमार मैनाली वि. रत्नमाया रजक*
- ०६९-CI-०२६७, प्रस्तावित बाटोमा पर्ने गरी नक्साबिना घर निर्माण गरेको, *पद्मकुमार मैनाली वि. सानुकाजी अवाले*

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६९-WO-०४६४, परमादेश, *पारसनाथ विश्वकर्मा वि. हरिलाल बढैसमेत*

विपक्षीमध्येको हरिलाल बढै वादी तथा निवेदक श्यामलाल बढै र विपक्षीमध्येको पारसनाथसमेत प्रतिवादी भएको अंश मुद्दामा कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६७।११।४ मा भएको अन्तिम फैसलाअनुरूप वादीको दरखास्तबमोजिम मिति २०६८।११।१० मा डोरमार्फत बन्डा मुचुल्का सम्पन्न भई मिति २०६८।१२।२३ मा बन्डा छुट्ट्याउने दरखास्त तामेलीमा राख्ने आदेश भएको पाइन्छ । मुलुकी ऐन, दण्ड सजायको ६१ नं. ले तहसिलदार कर्मचारीको कामकारवाहीउपर चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिमछेउ १५ दिनभित्र उजुर गर्नुपर्ने कानूनी व्यवस्था गरेको देखिन्छ । निवेदकले जिल्ला अदालतबाट भएको आदेश बदर गर्न मिति २०६९।६।५ मा उजुरी पत्र

दर्ता गरेको देखिन्छ । तहसिलदार कर्मचारीसमेतबाट फैसलाअनुरूप मिति २०६८।११।१० मा छुट्ट्याइएको बन्डा मुचुल्काउपर मुलुकी ऐन, दण्ड सजायको ६१ नं. अनुसार १५ दिनभित्र कपिलवस्तु जिल्ला अदालतमा निवेदकले उजुर गरेको देखिएन । निवेदनपत्रमा समेत उक्त कानूनले तोकेको अवधिभित्र नै अदालतसमक्ष उपस्थित भएको भनी जिकिर लिन सकेको पनि देखिँदैन । अन्तिम फैसलाअनुरूप मुचुल्का भएपछि तहसिलदारबाट दरखास्त तामेलीमा राख्ने क्रममा मिति २०६८।१२।२३ लेख्नु पर्नेमा त्रुटिवश साल २०६९ उल्लेख हुन गएकोमा अदालतबाट कानूनबमोजिम त्रुटि सच्याई २०६८ साल कायम गरेको देखिन आउँछ । फैसला कार्यान्वयनका क्रममा हुन पुगेका मितिसमेतका यस्ता सामान्य प्राविधिक त्रुटिलाई आधार मानी निवेदकले तामेली आदेशउपर दन्ड सजायको ६१ नं. को आधार भनी उजुरी पारेको देखिन्छ । यसरी फैसलाले सिर्जना गरेको अंश हकको प्राप्तिलाई लामो समयसम्म अल्मल्याइरहने हो भने अदालतले प्रदान गरेको न्याय कागजी न्यायमा परिणत हुन जान्छ । तामेली आदेशमा त्रुटिवश साल २०६८ लेखिनु पर्नेमा २०६९ लेखिन गएको विषयलाई आधार बनाएर फैसलाको कार्यान्वयन भइसकेको विषयलाइ बदर गर्नु न्यायोचित नहुने ।

डोरबाट मिति २०६८।११।१० मा भएको बन्डा मुचुल्का बदर गर्न १५ दिनभित्र निवेदकले सोही अड्डाका हाकिमसमक्ष उजुरी गर्न नसकी फैसलाअनुरूप बन्डा छुट्याउने कार्य सम्पन्न भई मिति २०६८।१२।२३ मा दरखास्तको कारवाही नै तामेलीमा गएको करिब ६ महिनापछि नक्कल सारेको मिति कायम गरी मिति २०६९।६।५ मा उजुर गरेको देखिन्छ । फैसला कार्यान्वयनका प्रत्येक चरणहरूमा कार्य भएको मितिले १५ दिनभित्र उजुरी निवेदन गर्नुपर्ने हुन्छ । यसप्रकार सत्य व्यहोरा उजागर नगरी अदालतबाट साल लेख्ने क्रममा हुन गएको प्राविधिक त्रुटिलाई आधार बनाई दन्ड सजायको ६१ नं. को म्याद गुजारी उजुरी गरेको देखिएको र मिति २०६८।११।१० को बन्डा मुचुल्का विरूद्धमा विलम्ब गरी परेको निवेदकको प्रस्तुत निवेदन जिकिरसँग सहमत हुन नसकिने हुँदा कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६८।११।१० मा भएको बन्डा मुचुल्का बदर गरिरहनु परेन कानूनबमोजिम गर्नु भनी कपिलवस्तु जिल्ला अदालतले मिति २०६९।३।८ मा गरेको आदेश परिवर्तन गर्नु नपर्ने गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।४।११ मा भएको आदेशबाट निवेदकको कुनै हकमा असर परेको नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : कपिलमणि गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-०३६७, कर्तव्य ज्यान, *माया चौधरी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले आफ्नो लोग्ने मृतक वाक्दल चौधरी रक्सी खाई सडकमा लडिरहेको अवस्थामा विगतमा मृतक वाक्दल चौधरीले आफूलाई कुटपिट गर्ने गरेको रिसले आफ्नै घरमा रहेको बन्चरो लगी निज मृतकको घाँटी तथा गर्धनमा बन्चरोले प्रहार गरी हत्या गरेकी र सो घटनालाई लुकाउन आफैँले प्रहरीमा जाहेरी दिएको देखिन्छ । त्यसपछि अनुसन्धानको क्रममा मृतकलाई म आफैँले बन्चरोले काटी मारेकी हुँ भनी कसुर अपराध गरेकोमा साबित भई बयान गरेको साथै अदालतसमक्ष उपस्थित भई लोग्नेले सधैँ रक्सी सेवन गरेर घरमा आफू र केटाकेटीसमेतलाई कुटपिट गर्ने गरेको र निजले एकदिन मेरो हत्या गर्छु

भनेकाले मैले आफ्नो जिउज्यान रक्षाका लागि निज बाक्दल चौधरीलाई कर्तव्य गरी मारेकी हुँ भनी कसुर गरेकोमा पूर्ण साबित रही बयान गरेको देखियो । यी प्रतिवादीको उक्त साबिती बयान घटनास्थल तथा लासजाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, बरामदी मुचुल्का, मौकामा बुझिएका मानिसहरूले लेखाइदिएको कागजसमेतका मिसिल संलग्न प्रमाणबाट समर्थित एवम् पुष्टि भइराखेको अवस्था देखिन आएकोले यी प्रतिवादीलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धीको महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मनासिब नै देखिने ।

प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. बमोजिम १० वर्ष मात्र कैद सजाय गर्न उचित हुने भनी राय व्यक्त गरेकोसम्बन्धमा विचार गर्दा मृतक वाक्दल चौधरी र यी प्रतिवादी माया चौधरी लोग्नेस्वास्नी नातामा व्यक्ति भई निज मृतकले यी प्रतिवादीलाई रक्सी सेवन गरी पटकपटक घरमा कुटपिट गर्ने गरेको, प्रतिवादी मृतक पतिको घरेलु हिंसाबाट पीडित भएकी र वारदात घटेको दिन पनि मृतकले अत्याधिक रक्सी सेवन गरी सडकमा लडिरहेको अवस्थामा देखेकीले यी प्रतिवादीले मृतक घरमा आएपछि आफूलाई अझै कुटपिट गर्नेछ भन्ने रिसले आफ्नै लोग्नेलाई बन्चरोले हानेको अवस्था तथा यी प्रतिवादीमा आश्रित दुई नाबालक छोराछोरीको बिचल्ली हुन सक्ने अवस्था, प्रतिवादीको उमेर एवम् वारदातको अवस्था र परिस्थितिसमेतलाई विचार गरी प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३ (१) नं. बमोजिको सजाय ठहर गरी अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्न उपयुक्त हुने भनी पुनरावेदन अदालतबाट व्यक्त गरिएको राय न्यायोचित नै देखिएकोले प्रतिवादीलाई १० वर्ष कैद सजाय गर्ने गरी व्यक्त गरेको उक्त रायसमेत सदर हुने ।

मिसिल संलग्न आधार प्रमाणको विवेचना र मूल्याङ्कन गरी प्रतिवादी माया चौधरीलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरी अ.वं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्ने राय व्यक्त गरेको सुरू दाङ जिल्ला अदालतको मिति २०६८।१०।२२ को फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६९।६।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-०४५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. शिमु भन्ने लोकजङ्ग घर्तीसमेत*

वारदातको समयमा घटनास्थलमा देखिएका कसैको भनाइबाट तत्काल मृतकलाई यो यस्तो चोट शरीरको यो यस्तो अङ्गमा लागेको देखेको र मृतक घाइते भएको देखेको भनेर स्पष्ट रूपमा खुलाएको देखिँदैन । बेलुकाको खाना खाने समयसम्म मृतक सामान्य अवस्थामा भइरहेको देखिन्छ । लास प्रकृति मुचुल्का हेर्दा पनि मृतकको बायाँ हातको पन्जामाथि सानो निलडाम देखिएको, अनुहारको अवस्था सामान्य घाँटीको अवस्था सामान्य घाँटीको डामहरू केही नदेखिएको, काटिएको घाउ केही नदेखिएको अन्य घाउहरू केही नदेखिएको छातीको अवस्था सामान्य घाँटीको डामहरू केही नदेखिएको काटिएको घाउ केही नदेखिएको अन्य घाउहरू केही नदेखिएको छातीको अवस्था सामान्य भन्नेसमेत उल्लेख भएको र बायाँ हातको पन्जामाथि सानो निलडामबाहेक शरीरको कुनै अङ्गको बाहिरी भागमा ठुलो चोटको निलडाम

उल्लेख भएको देखिँदैन । यसबाट प्रतिवादीहरूको कुटपिटबाट मृतकको मृत्यु भएको भन्ने मौकामा कागज गर्ने व्यक्तिहरूको मौकाको कागज व्यहोरा समर्थित भएको नदेखिने।

भिषेरा परीक्षणमा विष फेला नपरेको भनिएकोमा अदालतमा बकपत्र गर्ने चिकित्सकले VISCERA SAMPLE मा NEGATIVE RESULT आउँदैमा विष सेवन गरेको होइन भन्न मिल्दैनसमेत भनी लेखाइदिएकोबाट मृतकको मृत्यु विष सेवनबाट भएको होइन भनी यकिनसाथ भन्न सकिने अवस्था देखिँदैन । जसबाट विष मृतक आफैँले सेवन गरेको देखिँदा प्रतिवादीहरूले मृतकलाई विष सेवन गराएका हुन् भन्ने तथ्य स्थापित हुन सकेको नदेखिने।

लगाउको हाडनाता करणी मुद्दामा प्रतिवादीहरू दाजुबहिनीबिच अवैध यौनसम्बन्ध रहेको भन्ने देखिने ठोस प्रमाणको अभावमा वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको सुरू जिल्ला अदालतको मिति २०६६।३।११ को फैसला सदर हुने ठहरी फैसला अन्तिम भई बसेको अवस्थासमेत देखिन्छ । यसरी अप्रमाणित तथ्यका आधारमा कसुरदार ठहर गर्नु फौजदारी विधिशास्त्र प्रतिकुल हुन जान्छ । अपराधका तत्त्वहरू विद्यमान नरहेको अवस्थामा प्रतिवादीलाई दोषी ठहर गर्न मिल्दैन । प्रस्तुत वारदातमा सामान्य कुटपिटसम्म भएको देखिए पनि ज्यान नै लिनु पर्ने अवस्थाको विद्यमानता रहेको पनि देखिँदैन। फौजदारी मुद्दामा तथ्य पुष्टि गर्न विशेषज्ञको बकपत्र महत्त्वपूर्ण प्रमाण हुन जान्छ। प्रतिवादीहरू प्रति वस्तुनिष्ठरूपमा फौजदारी दायित्व रहेको कुरा पुष्टि हुन नआएबाट पुनरावेदकको जिकिरलाई उपयुक्त मान्न नसकिने।

अतः पुनरावेदक प्रतिवादीहरू लोकजंग घर्ती र जोवना घर्ती (बुढा) लाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. र १३ (३) नं. बमोजिम सजाय गर्ने गरी सुरू जुम्ला जिल्ला अदालतबाट मिति २०६६।३।११ मा गरेको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादीहरूले सफाइ पाउने ठहर्‍याई मिति २०६७।३।१४ मा पुनरावेदन अदालत, जुम्लाबाट भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः रामप्रसाद पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७२ साल पुस १३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-०७८१, दर्ता बदर दर्ता, *अमरावती देवी वि. रामसेवक दास वैष्णव*

नेपाल कानूनले अचल सम्पत्तिको हक हस्तान्तरण गर्दा कानूनबमोजिम लिखत पास गरेको हुनुपर्ने व्यवस्था गरेको पाइन्छ। अचल सम्पत्तिको हक हस्तारण मौखिक वा घरसारको लिखतको आधारमा हुन नसक्ने स्पष्ट देख्न सकिन्छ। त्यस्तो व्यवहारलाई कानूनी मान्यतासमेत नपाउने।

मौखिक कथनको आधारमा कानूनले तोकेको प्रक्रिया र व्यवस्थाप्रतिकूल दाबीको जग्गा प्राप्त गरेको भन्ने प्रतिवादीको कथनले कानूनी मान्यता प्राप्त गर्न सक्ने देखिँदैन। उक्त जग्गा प्रतिवादीले आफ्नो नाउँमा नापी दर्ता गराउनलाई सो सम्पत्तिमा आफ्नो हक प्राप्त भएको स्रोत र आधार देखाउन सकेको पाइएन। एकाको स्वामित्वमा रहेको जग्गामा निजको स्वामित्व समाप्त हुन निजले उक्त जग्गाको स्वामित्व अरूलाई हक हस्तान्तरण गरिदिएको लिखत नभएसम्म हक हस्तान्तरण भएको मान्न नमिल्ने।

विना स्रोत, विना आधार स्पष्ट लिखत वा प्रमाणको अभावमा भएको दर्तालाई दूषित दर्ताकै रूपमा लिनुपर्ने हुन्छ। साविक दर्तावाला जयगोविन्द दासका नाउँको उल्लिखित जग्गाको हक हस्तान्तरणको प्रमाण र स्रोतबिना प्रतिवादीले आफ्नो नाउँमा नापी दर्ता गराएको देखिन्छ । तसर्थ प्रस्तुत मुद्दामा हकदैयाको

अभाव रहेको भनी हक अधिकारको स्रोत र प्रमाण नै नभएको अंशियारभन्दा बाहिरको उनाउ व्यक्तिले गराएको दूषित नापी दर्ता बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिने हुँदा सुरू धनुषा जिल्ला अदालतको मिति २०६७।९।१ को फैसला उल्टी हुने ठहर्‍याई विपक्षी दुखहरण मौवार भूमिहारको नाउँमा दूषित नापी दर्ता भएका कि. नं. ३०, १३, ३, २९, ७४, २४ र ४ का जग्गाको दर्ता बदर भई ती कि. नं. का जग्गा पुनरावेदक/वादी रामसेवक दास वैष्णवको नाउँमा दर्ता कायम हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०५८।१०।८।१ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CI-१०३१, जग्गा खिचोला छोडाई चलन, *फुलमतीदेवी दुसाधिन वि. जग हजारा दुसाद*

वादी दाबीको कि.न. १३९ को जग्गा फूलमती दुसाधिनको बुबा राजबलीको नाम दर्ताको ऐलानी जग्गा भएको कुरा प्रतिवादीले स्वीकार गरेको र आफू एकमात्र हकवाला भएको भन्ने वादीको कथनलाई प्रतिवादीले तथ्यपूर्ण तवरबाट इन्कार गर्न सकेको देखिँदैन। तर अचल सम्पत्तिको सम्बन्धमा लिखतको प्रमाण एवम् नक्सा मुचुल्कासमेतको आधारमा प्रतिवादीले खिचोला गरे नगरेको भनी ठहर गर्नुपर्नेमा साक्षीको बकपत्र एवम् सर्जमिनको मानिसको मौखिक कथन मात्रको आधारमा वादीको हक कायम नहुने र प्रतिवादीले खिचोला नगरेको ठहर्‍याएको पुनरावेदन अदालतको फैसला कानूनसम्मत भन्न नमिल्ने।

विवादित कि. नं. १३९ जग्गाको फिल्डबुक हेर्दा वादीको भन्ने देखिन्छ । उक्त वादीको फिल्डबुकलाई कसैले पनि बदर गराउन सकेको पाइँदैन । वादीकै फिल्डबुकमा दरिएको ०-०-२ धुर जग्गामा वादी बसोबास गरी आएको तथ्यलाई उक्त सर्वेको फिल्डबुकले यकिन गरेको देखियो। वादीको नाममा कायम कानूनी हकाधिकार तथा भोगाधिकार प्रतिवादीले खिचोला गरी उक्त जग्गा आफ्नो कायम गरेको देखिन आयो। जग्गाको मूल स्रोतसमेत वादीकै देखिरहेको, फिल्डबुकबाट पनि वादीकै देखिइरहेकोमा प्रतिवादीले वादीको २ धुर जग्गा खिचोला गरेको ठहर्‍याउनु पर्नेमा सो नगरेको फैसलालाई मनासिब मान्न नसकिने।

पुनरावेदन अदालत, हेटौंडाबाट २०६६।११।१० मा फिराद खारेज गर्ने गरी गरेको पर्सा जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी गरेको फैसला मिलेको नदेखिँदा उल्टी भई विवादित कि. नं. १३९ को ०-०-२ जग्गामा वादीको हक पुग्ने र वादीले चलनसमेत चलाउन पाउने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल पुस १२ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-RB-०००८, चेकबमोजिमको रकम दिलाई भराई पाऊँ, *का.जि. का.म.न.पा वडा नं. ३४ शान्तिनगर बस्ने अन्जली प्रधान (शाह) वि. का.जि.का.म.न.पा. वडा नं. १२ टेकु बागमती चेम्बरस्थित कन्टिनेन्टल मार्केटिङ प्रा.लि.*

भुक्तानी हुन नसकेका चेकहरू सो चेकहरू भुक्तानी नभएबापत रकम बुझाएको भन्ने यी पुनरावेदकको दाबी रहेको भए पनि उल्लिखित

रसिदहरूमा रकम बुझाएको भनी कहीँ जनाइएको पनि देखिँदैन भने अर्कोतिर सो रसिदहरूभन्दा पछिका चेकहरूका सम्बन्धमा पनि दाबी रहेको देखिँदा जारी भएका चेकबमोजिमको रकम भुक्तानी नभएपछि चेक जारी गर्नेले दायित्व बेहोर्नु पर्दैन भन्न मिल्ने देखिँदैन । एकपटक जारी भएको चेक अनादर भएको नभई पटकपटक जारी भएका चेकहरू अनादर भएको अवस्था देखिन्छ । विनिमय अधिकारपत्र ऐन, २०३४ को दफा ५४ मा भएको क्षतिपूर्ति वा हानि नोक्सानी भराउनको लागि ब्याज कायम गर्दा वाणिज्य बैङ्कले कर्जामा लिने अधिकतम ब्याजदरबाट हिसाब गरिनेछ भन्ने उल्लेख भएको देखिँदा मागबमोजिमको साँवा ब्याजको रकम भराउने विषयलाई अन्यथा भन्नुपर्ने नदेखिने हुँदा अनादर भई आएको दाबीका सबै चेकहरूको बिगो रू.५८,२०,३२०।- बाट स्पेशटाइमले विभिन्न मितिमा बुझाएको देखिएको भनी रू.३९,६०,०००।- कटाएको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।३।२।५ को फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी हुने ठहर्‍याई अनादर भएको चेकहरूको कुल रकम ५८,२०,३२०।- र सोको भरिभराउ हुँदासम्मको १० प्रतिशतका दरले हुने ब्याजसमेत भरी पाउने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम् ।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CI-१२६७, लेनदेन, *केदारमान राजभण्डारीसमेत वि. सोमध्वज विक्रम थापा*

प्रतिवादीले वादीलाई तिर्नुपर्ने गरी भएको कागज करकापबाट भएको ठहर हुन नसकी प्रतिवादीको दाबी पुग्न नसकेपछि रकम लिई दिएको भनिएको Receipt को वैधता छैन भन्न सकिने स्थिति रहँदैन । वादीले पेस गरेको रकम बुझेको रिसिप्टमा प्रतिवादीले सही गरेको देखिइरहेको छ जुन रिसिप्टमा भएको सहीलाई प्रतिवादीले अन्यथा भन्दा सकिरहेको देखिँदैन । यसरी Receipt अनुसारको रकम लिएको छैन भनी पुनरावेदक प्रतिवादीले पुष्टि गर्न सकिरहेको देखिँदैन । सो Receipt प्राप्त गरेअनुरूपको रकमको कारोबार नभएको भन्ने अन्य प्रमाण प्रतिवादीबाट पेस हुन सकेको देखिँदैन । रिसिप्टमा भएको सहीलाई प्रतिवादीले अन्यथा भन्न नसकेको तथा प्रतिवादीले वादीलाई रकम तिरे बुझाएको कहीँकतैबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादीले पुनरावेदन जिकिर लिएअनुसार सम्पूर्ण विवरण खोली कागज नगरेको तथा कम्पनी छुट्टै व्यक्ति भनी जिकिर लिए पनि सो प्रस्तुत मुद्दाको सन्दर्भमा आकर्षित हुने देखिँदैन । समग्र मुद्दाको मूल स्रोत नै Receipt हुन गई सो Receipt को अवैधानिकता पुष्टि गर्न नसकेको तथा करकाप मुद्दा अन्तिम भई बसिसकेको अवस्था हुँदा पुनरावेदक प्रतिवादीको जिकिर पुग्न सक्ने नदेखिने । पुनरावेदक प्रतिवादीको जिकिर पुग्नसक्ने नदेखिँदा पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१०।७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम् ।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०४१८, कर्तव्य ज्यान, *रमेश आलेमगर वि. नेपाल सरकार*

प्रतिवादीले मृतकलाई मार्ने नै नियतले कुनै योजना बनाएको देखिँदैन । साथै अरूणलाई प्रतिवादी रमेशले लात्तीले हानेपछि अरूण भिरबाट खसेकोमा रमेशले अरूण अरूण भन्दै भिरभिर हाम फाल्दै अरूणलाई बचाउन सकिन्छ कि भनी गएको अवस्थासमेतले मार्ने नियत नै समेत स्पष्ट हुँदैन । त्यस्तै मृतकउपर प्रतिवादीले कुनै धारिलो हतियार लिई गई हानेको देखिँदैन भने प्रतिवादी रमेश आलेमगर र अरूण परियारबिच दोहोरो हानहान तथा कुटपिट भएकोमा सोही बखतमा प्रत्यक्षदर्शीहरूले छुट्टाए तापनि रिस आवेशमा रहेका प्रतिवादी रमेश आलेमगरले प्रत्यक्षदर्शीलाई धकेली गई मृतकउपर लात्तीले हान्दा एक्कासी मृतक अरूण परियार भिरबाट खसेको र मृत्यु भएको देखिएको छ । तथापि कुटपिटको क्रममा हान्दा भिरबाट लडी भएको अकस्मात घटना वारदात भवितव्य ठहर गरिपाउँ भन्ने पुनरावेदकले जिकिर लिए पनि मृतकउपर ताकेर कुटपिट गरेको कार्य रिसको आवेगमा भएकोलाई ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिमको मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा केही भई मानिस मरेको तथ्य घटनासँग तादाम्यतापूर्ण र सो कानूनी व्यवस्थाअनुरुपको देखिन नआउने ।

मृतकलाई प्रतिवादीले भिर भएको ठाउँमा कुटपिट गरेको तथा कुटपिट गर्दा मानिस मर्न सक्छ भन्ने कुराको सामान्य समझ भएको जोसुकैले सहजै अनुमान गर्नुपर्नेमा त्यस्तो स्वाभाविक मानवीय सुझबुझ चेतनालाई ख्याल नगरेको र प्रतिवादीले अरूण परियारलाई रिसको आवेगमा रिस थाम्न नसकी भिरमा उभिएका मृतक अरूण परियारलाई चोट पुर्‍याउन लात्तीले हानेको र सोही कारण भिरबाट खसी अरूण परियारको मृत्यु भएको कार्यलाई भवितव्य परेको अवस्था मान्न मिल्ने नदेखिँदा ज्यानसम्बन्धीको महलको ५ नं. को कसुर कायम हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

मिसिल संलग्न तथ्यहरूबाट घटना पूर्वनियोजितरूपले मनसायपूर्वक योजनाबद्ध तरिकाले घटना घटाएको नदेखिएको, ज्यानै लिनुपर्नेसम्मको इवी पनि नरहेको, लुकीचोरी पनि हानेको नदेखिएको, जोखिमी हतियारले प्रहार गरेको भन्ने पनि नदेखिएको र तत्काल उठेको रिसमा मृतकलाई हिर्काउँदा भिरबाट खसी मृत्यु भएको देखिएकोले प्रतिवादीको उपर्युक्त कार्य ज्यानसम्बन्धीको महलको १४ नं. विपरीतको देखिन आउँदा प्रतिवादी रमेश आलेमगरले ज्यानसम्बन्धीको महलको १४ नं. को कसुर गरेको ठहर गरी निजलाई कैद वर्ष १० (दश) हुने ठहर्‍याई सुरू लमजुङ जिल्ला अदालतबाट मिति २०६८।२।८ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६९।२।३० को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी रमेश आलेमगरको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल पुस २९ गते रोज ४ शुभम् ।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-०००३, कर्तव्य ज्यान, काजी भन्ने *दिपबहादुर राई वि. नेपाल सरकार*

मृतकउपर पटकपटक ताकेर कुटपिट गरेको प्रतिवादीको बयानबाट नै देखिएको तथा मृतकको संवेदनशील अङ्ग टाउकोमा लाठीले हानेको लासप्रकृति मुचुल्कासमेतबाट देखिएको र मृतकको बेइज्जत होस् भन्ने नियतले लुगासमेत फुकालिदिने कुट्नेसमेतको कार्यलाई ज्यानसम्बन्धीको ५ नं. बमोजिमको मानिस मर्लाजस्तो नदेखिएको कुनै काम कुरा गर्दा केही भई मानिस मरेको घटना कार्यसँग प्रस्तुत घटनाको तादात्म्यता नभइ सो कानूनी व्यवस्थाअनुरुपको कार्य देखिएन । वस्तुत: मृतकलाई

प्रतिवादीले पटकपटक कुटपिट गरेको तथा कुटपिट गर्दा मानिस मर्नसक्छ भन्ने कुराको सामान्य समझ भएको जोसुकैले सहजै अनुमान गर्नुपर्नेमा त्यस्तो स्वाभाविक मानवीय सुझबुझ चेतनालाई ख्याल नगरेको र मृतकलाई चोट पुर्‍याउन हानेको कारण मृत्यु भएको कार्यलाई भवितव्य परेको अवस्था मान्न मिल्ने नदेखिँदा ज्यानसम्बन्धीको महलको ५ नं. को कसुर कायम हुनुपर्ने भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मृतक र प्रतिवादीको श्रीमतीबिच लसपस भएको शङ्कामा प्रतिवादी दिपबहादुर राईले निहुँ खोजी पटकपटक कुटपिट भए गरेको र अन्य सहप्रतिवादी गोविन्द विष्टसमेतको सहयोगमा मृतकको बाटो छेकी संवेदनशील अङ्ग टाउकोसमेतमा पटकपटक कुटपिट गरी मारेको कार्य मनसाययुक्त हत्या देखिँदा ज्यानसम्बन्धीको महलको १४ नं. विपरीतको नदेखिई ज्यानसम्बन्धीको महलको १३ (३) नं. विपरीतको देखिन आएकाले प्रतिवादी काजी भन्ने दीपबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं.अनुसार १० वर्ष कैद हुने ठहर्‍याएको सुरू खोटाङ जिल्ला अदालतको मिति २०६७।२।१८ को फैसला उल्टी गरी निज प्रतिवादी काजी भन्ने दीपबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिन आउने।

प्रतिवादी काजी भन्ने दीपबहादुर राईलाई मुलुकी ऐन अ.बं.१८८ नं. राय व्यक्त गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मनासिब हो, होइन भन्नेतर्फ हेर्दा प्रतिवादी काजी भन्ने दीपबहादुर राईले योजना बनाई मारेको नदेखिएको र वारदातका बखत नै मृतकले यी प्रतिवादीको श्रीमती लान्छु भनी भनेको कारण सोही बखत भएको वारदातबाट मृतकको मृत्यु भएको र प्रतिवादीले सुरू अदालत समक्षसमेत कसुरमा साबित भई न्याय सम्पादनमा सहयोग पुर्‍याएकोसमेतबाट ठहरेबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्नजाने प्रतिवादीलाई १०(दश) वर्ष कैद हुँदा पनि कानूनको मकसद पूरा हुनजाने देखिएकोले प्रतिवादी काजी भन्ने दीपबहादुर राईलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिमको राय व्यक्त गरी १०(दश) वर्ष कैदको सजाय हुने व्यक्त गरेको रायसमेत मनासिब देखिने हुँदा प्रतिवादी काजी भन्ने दीपबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं.अनुसार १० वर्ष कैद हुने ठहर्‍याएको सुरू खोटाङ जिल्ला अदालतको मिति २०६७।२।१८ को फैसला उल्टी गरी निज प्रतिवादी काजी भन्ने दीपबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई कैदको हकमा अ.बं.१८८ नं. बमोजिम १०(दश) वर्ष कैदको सजाय हुन व्यक्त गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६८।१२।८ को फैसला मिलेकै देखिँदा रायसहित सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल फागुन १३ गते रोज ५ शुभम्।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-०७४३, लागु औषध (खैरो हेरोइन), *शिवजी कलवार वि. नेपाल सरकार*

प्रतिवादी शिवजी कलवारले लागु औषध खैरो हेरोइन ओसारपसार गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (च) को कसुर गरेको देखिँदा प्रतिवादी शिवजी कलवारलाई सोही ऐनको दफा १४(१)(छ)(३) बमोजिम १५ पन्ध्र वर्ष कैद र रू. ५,००,०००।– पाँच लाख जरिवाना हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्‍याई भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न नमिल्ने हुँदा सुरू

काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।३।३० मा भएको सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१२।६।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ चैत १६ गते रोज ३ शुभम्।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CR-१३७३, बन्दीप्रत्यक्षीकरण, *सविताकुमारी गुप्ता सापकोटा वि. कारागार कार्यालय, इलामसमेत*

निवेदन जिकिर र लिखित जवाफ रहेको निवेदनउपर पुनरावेदन जिकिर पुग्छ पुग्दैन सोसम्बन्धमा निर्णयकर्ता विचार गर्दा यसमा बन्दी बनाइएका व्यक्तिले २०७२।११।२८ मा आफूलाई लागेका सजाय भुक्तान गरी कारागारबाट मुक्त भइसकेको भन्ने कारागार कार्यालय, इलामको पत्रबाट समर्थित रहेको र निवेदकतर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ताले निवेदक बन्दी मिति २०७२।२।१५ मा कारागारबाट रिहाई भइसक्नु भएको छ भनी गर्नुभएको बहस एवम् लिखित निवेदनबाट समेत देखिँदा मागबमोजिम आदेश जारी गर्ने वा नगर्ने भन्ने विषयमा प्रस्तुत पुनरावेदनको औचित्यतर्फ विचार गर्नुपर्ने देखिएन । पुनरावेदन जिकिर नपुग्ने हुँदा पुनरावेदन अदालत, इलामबाट मिति २०७०।१०।१५।४ मा मागबमोजिम आदेश जारी नगर्ने गरी भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदक पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत १६ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६६-WO-०१००, उत्प्रेषण, *वीरेन्द्रकुमार चौधरी वि. सुपथ मूल्यको सहकारी पसल जिल्ला व्यवस्थापन तथा अनुगमन समिति जिल्ला कृषि विकास कार्यालय, महोत्तरी जलेश्वरसमेत*

**मा.न्या. श्री गोविन्दकुमार उपाध्यायको राय :**

सुपथ मूल्यको सहकारी पसल सञ्चालनसम्बन्धी नियमावली, २०६५ को तत्कालीन नियम ९(१) मा "*देहायमा उल्लिखित सहकारी संस्थाले नेपाल सरकारको सहयोग प्राप्त गरी उपभोक्ता पसल सञ्चालन गर्न सक्ने छन्*" भन्ने व्यहोरा उल्लेख भई देहाय (क) ले उपभोक्ता सहकारी संस्थाहरूलाई पहिलो प्राथमिकतामा राखेको पाइन्छ। देहाय (ख) ले उपभोक्ता सहकारी संस्था नभएको स्थानमा कायम रहेका बहुउद्देश्यीय सहकारी संस्थाहरू र (ग) ले बहुउद्देश्यीय सहकारी संस्था नभए अन्य विषयगत सहकारी संस्थाहरूलाई क्रमशः प्राथमिकतामा राखेको देखिन्छ। सोही नियमावलीको नियम ९(२) ले "*अनुदान प्राप्त गर्ने सहकारी पसलको छनौट गर्दा उपनियम (१) मा उल्लिखित सहकारी संस्थामध्ये मजदुर/ किसान/ महिला/दलित तथा पिछडिएको वर्गद्वारा सञ्चालित सहकारी संस्थाहरूलाई प्राथमिकता दिनेछ*" भन्ने व्यवस्था गरेको देखिन्छ। नियमावलीको ती प्रावधानहरूले प्राथमिकतासम्म निर्धारण गरेको मान्नुपर्छ। 'प्राथमिकता' भन्ने वाक्यांशलाई अनिवार्य प्राप्त हुने अधिकारको रूपमा लिन मिल्ने अवस्था रहँदैन। यस्तो कुराबाट मौलिक हकको हनन् भएको

भनी रिट अधिकारक्षेत्र सामान्यतया आकर्षित नहुने।

निवेदकले लिएको जिकिरबमोजिम प्रस्तुत काम कारवाहीमा केही बेहिसाब भयो कि भनी हेर्दा सुपथ मूल्यको सहकारी पसल व्यवस्थापन तथा अनुगमन समिति जिल्ला कृषि विकास कार्यालय, महोत्तरीको लिखितजवाफमा निवेदकले प्रस्तावमा उल्लेख गरेको ठेगानामा निरीक्षण गर्न जाँदा निवेदक फेला नपरेको र पछि पनि सम्पर्कमा नआएको समेतको कुरा उल्लेख भएको पाइन्छ । निवेदकले उठाएको तथ्यगत जिकिर र विपक्षीको तथ्यगत जिकिरमा मुख नमिली विवाद उत्पन्न भएको र रिटबाट विवादास्पद तथ्यको निरूपण गर्न नमिल्ने भएबाट समेत निवेदकको रिट निवेदन ग्रहणयोग्य नदेखिने।

जुनसुकै विवादको छिनोफानो अदालतबाट र त्यो पनि रिटबाट गर्नको लागि अदालत र रिट अधिकारक्षेत्रको व्यवस्था भएको होइन । रिट अधिकारक्षेत्र समन्यायको उपचार हो। यसको गुरूत्व बचाउन आवश्यक हुन्छ। निवेदनमा उल्लेख भएको काम कुरामा कुनै अनियमितता नै भएमा त्यसलाई सोही निकायका माथिल्लो तह र आवश्यकतानुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेतमा निवेदकले जानु उपयुक्त हुन्छ। माथिल्लो निकायको रूपमा सम्बन्धित मन्त्रालयसमेत रहेकै छ। सम्बन्धित निकायका माथिल्ला तहबाट समेत निराकरण हुनसक्ने यस्ता विषयमा रिट क्षेत्रबाट उपचार खोज्नु उपयुक्त हुने नदेखिएकोसमेतका कारणबाट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

**माननीय न्यायाधीश श्री दीपकराज जोशीको राय :**

रिट निवेदनमा निवेदकले आफूले सञ्चालन गरेको सहकारी संस्थाले सरकारी अनुदान प्राप्त गर्नुपर्ने भन्ने मुख्य दाबी रहे पनि माथि विवेचित आधार र कारणबाट निवेदकले उठाएको विषयमा निवेदकले जिकिर लिएको सुपथ मूल्यको सहकारी पसल सञ्चालनसम्बन्धी नियमावली, २०६५ को तत्कालीन नियम ९(१) र (२) ले निजलाई अधिकार प्रदान गरेको नदेखिएको तथा उपचारको लागि निजलाई अन्य वैकल्पिक उपचारको मार्गसमेत रहे भएको अवस्थामा रिट क्षेत्रबाट हस्तक्षेप गर्नु उपयुक्त नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल पुस २१ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-०८५७, ०६८-CR-०५९९, कर्तव्य ज्यान, *शेरे भन्ने शेरबहादुर थापासमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सुनवीर थापासमेत*

प्रतिवादीहरू शेरे भन्ने शेरबहादुर थापा, भीम बहादुर थापा, खड्कबहादुर थापाले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयान इच्छा विरूद्धको हो भनी भन्न र पुष्टि गर्न सकेको अवस्था छैन । निजहरूको बयान बुझिएका व्यक्तिहरूको कागज, लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट खम्बिर भइ रहेको अवस्था छ भने जाहेरवालाले समेत अदालतमा बकपत्र गरी पुष्टि गरिदिएको अवस्था भएकोले टाउकोमा मुसल प्रहार गर्ने प्रतिवादी शेरे भन्ने शेरबहादुर थापा तथा कुटपिट गर्ने प्रतिवादीहरू भीम भन्ने भीमबहादुर थापा र जगुवा भन्ने खड्कबहादुर थापालाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिमको कसुरदार ठहर गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने।

अर्का प्रतिवादी पूर्वउपाध्यक्ष लालबहादुर थापाको हकमा विचार गर्दा निजको घटनास्थलमा उपस्थिति देखिएको छ तर निजले कुटपिट गरेको भनी

सहअभियुक्तले भन्न सकेको नदेखिएको, बुझिएका व्यक्तिहरूले तत्काल कागज गर्दा निजको स्पष्ट संलग्नता देखाउन नसकेको अवस्थामा निजले समेत मृतकलाई कुटपिट, प्रहार गरेको भन्न सकिने अवस्था देखिँदैन । तापनि वारदातस्थलमा उपस्थित रहेका र उपाध्यक्ष भइसकेका त्यस्ता व्यक्तिले छुट्याउने प्रयाससमेत नगरी सो स्थानबाट हिँडेको भन्नुलाई स्वाभाविक मान्न सकिने अवस्था नरहेको तथा निजको उक्त वारदातमा संलग्नता स्थापित भइरहेको अवस्था देखिएको हुँदा निजलाई ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम २ वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसलासमेत मनासिबै देखिने।

सफाई पाएका अन्य प्रतिवादीहरू सुनविर थापा, माने थापा, नारद भन्ने नरबहादुर थापा, शेरे थापा, देव थापा, झगडी भन्ने लालबहादुर थापा तथा पुर्ने थापाका हकमा विचार गर्दा सहअभियुक्ताहरूले निजहरूको स्पष्ट संलग्नता नदेखाएको, बुझिएका व्यक्तिहरूबाट पनि यी प्रतिवादीहरूको यो यस्तो संलग्नता रहेको भनी खुल्न नआएको अवस्था छ । निजहरूको वारदातमा संलग्नता रहेको ठोस सबुद वादी पक्षले प्रस्तुत गर्नु पर्नेमा सो गर्न सकेको अवस्थासमेत देखिँदैन । वारदातको अवस्था विश्लेषण गर्दा दोहोरो कुटपिट भएको स्थिति देखिन्छ । गाउँघरमा दोहोरो झैझगडा कुटपिट हुँदा मानिसहरू जम्मा हुनु स्वाभाविक नै हुन्छ। यी प्रतिवादीहरूले यो यस्तो चोट छोडेका हुन् भनी वादी पक्षले देखाउनसमेत सकेको छैन । यस्तो अवस्थामा वारदातस्थलमा पुगेको भन्ने अनुसन्धानको क्रममा देखिएकै आधारमा कसुरदार ठहर गर्न सकिने अवस्थासमेत नभएकोले निजहरूलाई सफाई दिने गरी भएको पुनरावेदन अदालतको फैसलासमेत मनासिब नै देखिन आएको हुँदा पुनरावेदन अदालत, दिपायलबाट भएको मिति २०६८।३।२२ को फैसला सदर हुने ठहर्छ। पुनरावेदन जिकिर पुग्न नसक्ने।

वारदातको परिस्थिति र अवस्था हेर्दा मृतकसँग यी पुनरावेदक प्रतिवादीहरूको पूर्व रिसइवी रहेको नदेखिएको अथवा पूर्वमनसाय लिई मृतकलाई वारदातस्थलमा ल्याइ पुर्‍याएको भन्ने अवस्थासमेत नदेखिएको, दोहोरो कुटपिट झै झगडा भएको अवस्थामा मृतक र प्रतिवादी वारदातस्थलमा पुगेको देखिएको, घटनाको वस्तुस्थिति, घटना घट्दाको समग्र परिस्थितिसमेतलाई विचार गर्दा प्रतिवादीहरू शेरे भन्ने शेरबहादुर थापा, भीम भन्ने भीमबहादुर थापा र जगुवा भन्ने खड्कबहादुर थापालाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को पर्ने देखिएको र मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्दा न्यायको उद्देश्यसमेत परिपूर्ति हुने देखिएकोले प्रतिवादीहरू शेरे भन्ने शेरबहादुर थापा, भीम भन्ने भीमबहादुर थापा र जगुवा भन्ने खड्कबहादुर थापालाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १० (दश) हुने।

इजलास अधिकृतः सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७२ साल पुस २२ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०२९९, उत्प्रेषण, *शान्ति खरेलसमेत वि. गोपीकृष्ण खरेलसमेत*

मुलुकी ऐन, अंशबन्डाको महलको १ नं, दण्ड सजायको ४६ नं को देहाय १८ र जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख समेतको समग्र अध्ययनबाट अंश मुद्दाको फैसला कार्यान्वयन नभएसम्म पतिपत्नीका बिचको समागमबाट जन्मेका वा धर्मपुत्र आदि लिखतबाट अंशियार बनेका वा अंशियार हुन नसक्ने व्यक्तिलाई कानूनले अंशियार कायम गरेको समेत जुनसुकै किसिमले अंशियार बढेमा बन्डा हुन बाँकी सम्पत्तिमा निजको अंशभाग स्वतः पुग्ने

हुन्छ । यसमा प्राकृतिकरूपमा जन्मिएकाको हकमा उक्त नियम ७८ख अनुसार अंशियार बढेको मानी बन्डा गर्नुपर्ने तर कानूनले जन्माएको अंशियारको हकमा उक्त ७८ख नलाग्ने भन्दा कानूनको समयसापेक्ष व्याख्या हुन सक्दैन । अंशियारबिच असमान व्यवहार हुन जान्छ । यो असमानता युक्तिसङ्गत र न्यायसङ्गत पनि हुँदैन । कानूनको सामान्जस्यतापूर्ण व्याख्याको सिद्धान्तले यसलाई अनुमोदन गर्दैन । यही कुरा अंशियारको अंश हक समाप्त भएको कुरामा पनि आकर्षित हुन पुग्छ । उदाहरणको लागि फैसलाबाट अंश पाउने ठहरेका अंशियारको मृत्यु भएमा वा धर्मपुत्रको लिखत बदर भएमा वा कानूनबाट अंशियारको परिभाषाको परिवर्तन भएमा त्यस्ता अंशियार अंश हकबाट वञ्चित हुन पुग्ने अवस्था रहने ।

यसै प्रसङ्गमा छुटी भिन्न भएका निवेदकहरूसँगबाट होइन कि सगोलमा रहेको आफ्नो बाबुआमासँग प्रतिज्ञा र प्रतिष्ठा खरेलले अंश पाउनु पर्ने भनी निवेदकहरूले अंशबन्डाको महलको ११ नं. देखाउनुभएको हकमा प्रस्तुत मुद्दामा बन्डा गर्न बाँकी रहेको सम्पत्ति के कसरी बन्डा लाग्ने भन्ने विषयवस्तु रहेको तर उक्त ११ नं बन्डा गर्न बाँकी रहेको सम्पत्तिको बन्डा गर्ने कुरासँग सम्बन्धित नभई सम्पत्तिसमेत दाखिल दर्ता गराई छुट्टी भिन्न भएको र सगोलमा रहेका अंशियारसँग सम्बन्धित रहेकोले निवेदकहरूको यो तर्कसँग सहमत हुन नसकिने ।

नि.नं. ८९७२ को नजिरले प्रतिज्ञा र प्रतिष्ठा खरेलको पक्षमा सिद्धान्त प्रतिपादन गरी विवादको छिनोफानो गरेको र उक्त नजिर यस अदालतको पूर्ण इजलासको भएकोले सो नजिरको आधारमा समेत कि.नं. २२७ र कि.नं. २४१ को घरजग्गामा निजहरू समेतको २ भाग अंश लाग्ने भन्ने पुनरावेदन अदालत, पाटनको मिति २०७१।३।५ को आदेश कानूनसम्मत देखिन्छ । उक्त आदेशबाट निवेदकहरूको साम्पत्तिक हक हनन् भएको वा कानूनको भेदभावपूर्ण प्रयोग भएको भन्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः इन्द्रकुमार खड्का
कम्प्युटरः चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल पुस २३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०७४०, उत्प्रेषण / परमादेश, *खिमबहादुर वि.क.समेत वि. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयसमेत*

यसमा उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) आदेश, २०५४ को दफा ३(३) मा मनोनित सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ र निजहरू पुनः मनोनित हुन सक्छन् भन्ने उल्लेख भएको पाइन्छ । निवेदकहरूको निवेदनबाट नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको माननीय मन्त्रिस्तरको मिति २०६८।६।१० को निर्णयबमोजिम नियुक्ति भएको देखिएकोले उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (गठन) आदेश, २०५४ को दफा ३(३) बमोजिम निजहरूको पदावधि मिति ०७२।६।९ मा नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत निवेदनको कुनै औचित्य नरहेकोले प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त
कम्प्युटर: गीता घिमिरे (गिरी)
इति संवत् २०७२ साल फागुन २ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-RC-००३५, आगो लगाई कर्तव्य ज्यान, *नेपाल सरकार वि. केशवबहादुर खत्री*

मौकामा कागज गर्ने टोपेन्द्रबहादुर खत्रीले पुनरावेदन अदालत, तुलसीपुरमा बकपत्र गर्दा सो दिन म आफ्नै घरमा थिए, प्रतिवादीको घर र मेरो घर १५-२० मिनेटको फरकमा पर्छ । घटना

तत्काल थाहा पाइन, भोलिपल्ट थाहा पाएको हुँ । भोलिपल्ट त्यहाँ जाँदा घर सबै जलेर नष्ट भएको थियो । २ जना बच्चाहरू जलेर कोइलाका ठुटा जस्ता देखिन्थ्यो, जाहेरवाला प्रतिवादीका सहोदर दाजु भएकोले वास्तविक जाहेरी गरेका हुन्, प्रतिवादीले नै घरमा आगो लगाई आफ्ना जहान छोरा छोरीलाई आगो लगाई मारेका हुन् भन्ने व्यहोरा लेखाइदिएको पाइन्छ । सीता खत्रीलाई झ्यालबाट हात समातेर तानी बाहिर निकालेको भन्ने अदालतसमेतको बयानबाट प्रतिवादी वारदात हुँदाका अवस्थामा घटनास्थलमा नै भएको पुष्टि हुन्छ। टुकी बत्ती ढलेर आगलागी भएको भनी अदालतमा कसुरमा इन्कारी बयान गर्ने यी प्रतिवादीले घरभित्र रहेका छोराछोरीलाई बाहिर निकाल्ने र आगो निभाउने कुनै प्रयास गरेको देखिएन । घरमा आगलागी भएपछि प्रतिवादी मौकामा घटनास्थलबाट भागेकोले निजको दाजु जाहेरवाला तुलबहादुर खत्रीले किटानी जाहेरी दरखास्त दिएको देखिन्छ । अ.बं.११५ नं.बमोजिम बुझिएका प्रतिवादीको श्रीमती लिलावती खत्री र छोरी सीता खत्रीले अदालतमा बकपत्र गर्दा पति तथा पिता केशवबहादुर खत्रीले आगो लगाएका हुन भनी उल्लेख गरेको पाइन्छ । टुकी बत्ती ढलेर आगलागी भएको हो भनी प्रतिवादीले अदालतमा बयान गरेको भए तापनि टुकी बत्ती कस्तो ठाउँमा राखिएको थियो, टुकी बत्ती कसरी ढल्न गयो र टुकी बत्तीले सबभन्दा पहिले के कस्ता वस्तु जल्न बल्न पुगे सो तथ्यलाई उल्लेख गरेको देखिएन । मात्र टुकी बत्ती ढलेर आगलागी भएको हो भनी गरेको प्रतिवादीको बयानलाई प्रमाणमा ग्रहण गरी प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिन मिल्ने देखिँदैन । टुकी बत्ती ढलेर आगो लागेको नभई प्रतिवादीले नै घरमा आगलागी गराएबाट २ जना व्यक्तिको मृत्यु भएको देखिन आएकोले निजलाई ज्यानसम्बन्धीको महलको १३(३)नं. बमोजिम सजाय हुने ।

प्रतिवादी केशवबहादुर खत्रीले आफ्नै घरमा आगो लगाएको कारणबाट दुईजनाको मृत्यु भएको देखिएकोले प्रतिवादीको कार्य ज्यानसम्बन्धीको महलको १ नं.को विपरीत १३(३) नं. बमोजिमको कसुर गरेको देखिएकोले प्रतिवादी केशवबहादुर खत्रीलाई ऐजनको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याएको दाङ देउखुरी जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०६६।३।१५ मा भएको फैसला मिलेकै देखिँदा साधकको रोहबाट सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्दनप्रसाद मन्डल

इति संवत् २०७२ साल फागुन १० गते रोज २ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०७०-CR-१०१३, कर्तव्य ज्यान, *गणेशी मन्डल वि. नेपाल सरकार*

प्रतिवादी गणेशी मन्डल आफ्नै घरको बरण्डाको खाटमा राती ११ बजेतिर सुतिरहेको अवस्थामा अपरिचित व्यक्ति मृतक घरभित्र पसेर बाहिर निस्कदै गरेको देखेकोले चोरचोर भनी कराउँदा छरछिमेकसमेत जम्मा भई निजलाई पक्रन खोज्दा निज मृतक भाग्न खोजेकोले रातिको समयमा भेला जम्मा भएको समुहले लात, मुक्का, फाटासमेतले पटकपटक प्रहार भएको देखिन्छ निज प्रतिवादीले अदालतमा बयानको क्रममा वारदात मितिमा घटनास्थलमा नभई सासू बिरामी भएकोले ससुरालीमा थिएँ भनी बयान गरे तापनि सो Alibi को जिकिर लिएको देखिन्छ । अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा आफ्नोसमेत संलग्नता रहेको साबिती बयान छ भने उक्त साबिती डरत्रास कुटपिटबाट गराएको जिकिर प्रतिवादीले सुरू अदालतमा लिन सकेको नदेखिएको

अवस्थामा अधिकारप्राप्त अधिकारीसमक्षको बयान निजको स्वेइच्छाको नभएको भन्न मिल्ने देखिएन । मृतकको लास जाँच मुचुल्काबाट, मुखबाट जिब्रो निस्की कुचिएको अवस्थामा रहेको, चिउँडोमा काटिएको घाउ रहेको बायाँ साइडको ढाडमा २ इन्च गोलाई घाउचोट देखिएको किटानी जाहेरी भएको शव परीक्षण प्रतिवेदन, बुझिएका मानिसहरूको बकपत्र र प्रत्यक्षदर्शीहरू विश्वनाथ झा, बच्चाकान्त झा, माधबिन्द चौधरीले प्रतिवादी गणेशी मन्डलसमेतको चोटका कारणले मृत्यु भएको हो भनी सुरू अदालतमा आई गरेको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादी गणेशी मन्डलको चोटपिरका कारणले जाहेरवाला मनोज चौधरीका भतिज मृतक सञ्जयकुमार चौधरीको मृत्यु भएको देखिएकोमा प्रतिवादी गणेशी मन्डलको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १, र १३(३) नं. विपरीतको कसुर अपराधमा ऐ. को १३(३) नं. बमोजिम सजाय हुने ठहरी सुरू जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत, जनकपुरले सदर गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा, मुलुकी ऐन, अ.बं. १८८ नं. को प्रयोग हुन सक्ने हो वा होइन त्यसतर्फ विचार गर्दा प्रतिवादीको पूर्व आचरण हेर्दा कुनै कसुर अपराधमा संलग्न नदेखिएको, साथै यी प्रतिवादीको मृतकलाई मार्ने मनसाय (Mens-rea) पनि नभएको, हातहतियार पनि प्रयोग नभएको, रिसइवी लिनुपर्ने कारण पनि नदेखिएको, घटना घटाउने पूर्वयोजना पनि नभएको, प्रतिवादीको मृतकसँग पूर्व चिनजान पनि नभएको, रातिको समयमा मृतक निजको घरमा प्रवेश गरेकोमा चोर हो भनी ठानी लखेट्दै गै जम्मा भएका सबै मानिसले एकदुई मुक्का, लाठाले प्रहार र कुटपिट गरेको कारणले मृत्यु भएकोमा विवाद नदेखिएकोले पुनरावेदन अदालत, धनुषाबाट अ.वं. १८८ नं. बमोजिम १० वर्ष कैद ठहर्ने गरी व्यक्त भएको राय सो हदसम्म नमिलेको हुँदा वर्ष ६ (छ) कैद गर्न न्यायसम्मत भएबाट प्रतिवादी गणेशी मन्डललाई वर्ष ६ (छ) कैद हुने ।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७२ साल पुस १६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CI-१२८८, लेनदेन, *रामकिशन चौधरी वि. विपतराम चौधरी*

प्रस्तुत मुद्दामा ऋणी व्यक्तिले उपर्युक्त कानूनी व्यवस्थाबमोजिम साहूलाई ऋण बुझाएको भए निज साहुकै भरपाईलगायतको प्रमाण प्रस्तुत गर्न सकेको  नपाइएको, लेनदेन गरेको कुरामा विवाद नरहेको, साहुको छोरी निर्मला चौधरीलाई ऋण रकम बुझाएको जिकिर ऋणीको रहेको तर निज निर्मला चौधरी धनीसँग एकासगोलमा नबसी छुट्टी भिन्न भएको तथ्य वादीको साक्षीको बकपत्रबाट समर्थितसमेत भएको देखिँदा वादीबाट लिएको ऋण बुझाइसकेको भन्ने प्रतिजिकिरको पुष्ट्याइँ कानूनसम्मतरूपबाट हुन सकेको नपाइएकोले दाबीबमोजिम प्रतिवादीबाट साँवा ब्याज भराइदिनु पर्नेमा दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, दिपायलबाट २०६८।७।२८ को फैसला नमिलेको उल्टी भई वादीले प्रतिवादीबाट साँवा रू. १,७४,२००।– र सोको कानूनबमोजिम लाग्ने ब्याजसमेतको रकम भराई पाउने ।

इजलास अधिकृत: गजेन्द्रबहादुर सिंह
कम्प्युटर: प्रेमबहादुर थापा
इति संवत् २०७२ भदौ १४ रोज २ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** २०७१ सालको MS-०००२,

अदालतको अवहेलना, *मुनिलाल चौधरी वि. कृषि विकास मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा १८(३) को व्यवस्थाविपरीत हुने गरी पशु क्वारेन्टाइन कार्यालय, वीरगञ्जबाट क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला, विराटनगरमा सरूवा गरेको भनी सर्वोच्च अदालतमा उत्प्रेषणको रिट दायर गर्नु भएकोमा सर्वोच्च अदालतबाट २०६९।१२।४ मा अन्तरिम आदेश हालसम्म कायम रहिरहेको अवस्थामा सोको प्रतिकूल मिति २०६९।१०।२६ मा निर्णय भै सो कार्यान्वयन गर्न २०६९।१०।२८ र २०६९।११।४ मा पत्राचार भएको देखिँदा सो पत्राचार निवेदकको अन्तिम टुङ्गो नलागेसम्म कार्यान्वयन नगर्नु नगराउनु भनी मिति २०७१।१।२१ मा अन्तरिम कायम हुँदाहुँदै विपक्षीबाट २०७०।१२।४ मा पशु सेवा विभागमा हाजिर गराउने निर्णय गरेको हुनाले सोको विरूद्ध अदालतको अपहेलनामा कारवाही गरिपाउँ भनी निवेदन लिई निवेदक अदालतमा आएको अवस्था छ । निवेदकको काम कारवाहीको कारण जिल्ला पशु क्वारेन्टाइन कार्यालय, वीरगञ्जका कर्मचारी र सेवाग्राहीले निजलाई अन्यन्त्र पठाउने भनी कार्यालय तालाबन्दी गरेको कारण निजको सरूवा गरिएको भन्ने कृषि विकास मन्त्रालय कृषि विभागको लिखित जवाफबाट देखिन्छ । विपक्षीबाट आएको लिखित जवाफ हेर्दा अदालतको अवहेलना गरेको भन्ने कुरा पुष्टि हुन नआएको र यिनै निवेदकको तर्फबाट परेको ०६९-WO-०४३४ को उत्प्रेषणसम्बन्धी रिट आजै यस इजलासबाट खारेज हुने निर्णय भएकोले प्रस्तुत मुद्दामा समेत विपक्षीहरूबाट अदालतको अवहेलना गरिएको भन्न मिलेन । अवहेलना गर्न मनसाय पनि छैन तसर्थ सजाय हुन नपर्ने हो भनी लिखित जवाफ प्रस्तुत गरेकोबाट निजहरूबाट प्रत्यक्ष अवहेलना गरेको देखिएन । प्रशासनिक कामकारवाहीको सिलसिलामा काजमा राख्ने, निवेदन लिई सरूवा गर्ने जस्ता कार्य अदालतको अवहेलना गर्ने कार्य हुन् भन्न नमिल्ने भएबाट निवेदनबमोजिम अदालतको अवहेलनातर्फको दाबी पुग्न सक्दैन। तसर्थ प्रस्तुत निवेदनसँग सम्बन्धित रिट मूलरूपमा खारेज हुन ठहरेकोले प्रस्तुत अवहेलनामा मुद्दामा निवेदकको दाबी नपुग्ने ।

इजलास अधिकृत : बिनोद रखाल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल माघ १९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-०५८६, उत्प्रेषण, *अनिताकुमारी साहसमेत वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौंसमेत*

प्रतिवेदनमा विवादित सा.कि.नं. १३१ र १५२ को जग्गाको सम्बन्धमा भोगअनुसारको नक्सा सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट उल्लिखित कित्ताको भोगअनुसारको नक्सा बनाउन नमिल्ने गरी फैसला भएको कुरा उल्लेख भएको देखिएका मिसिल संलग्न रहेको विपक्षी देवनन्दन रायले दायर गरेको संवत् २०६२ सालको रिट नं. ३५४२ को रिट निवेदनमा यस अदालतबाट मिति २०६३।१।१५ मा भएको आदेशमा सबै नक्सालाई भोगानुसार छुट्ट्याउन नमिल्ने हुँदा नक्सा सुधार गर्न नमिल्ने भनी मालपोत कार्यालय, रौतहटको मिति २०६१।१०।१२ को टिप्पणी सदर गरेको समेत आदेशमा कुनै कानूनको त्रुटि नभएको उल्लेख भई उक्त फैसला अन्तिम भएर बसेको देखिन्छ । नापी विभागको मिति २०६९।६।१४ को पत्रबाट निर्देशन भएकोमा सो नगरी अन्यथा गरिएको पाइयो भन्नेसमेत विवरणको प्रतिवेदन परेको देखियो । यसरी कानूनबमोजिम अधिकार प्राप्त निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आयोगमा पर्न आएको उजुरीउपर कानूनसम्मत आवश्यक अनुसन्धान तथा तहकिकात गर्दाको क्रममा नापी विभागलाई दिएको निर्देशनलाई अन्यथा भन्न मिलेन । अख्तियार

दुरूपयोग अनुसन्धान आयोगको पत्रादेशअनुसार नापी विभागले टोली खटाई रेखाङ्कन गर्न दिएको निर्देशनअनुसार नापी कार्यालय, पर्साको फायल नक्सा छानबिनसम्बन्धी कार्य र प्रस्तुत प्रतिवेदन अन्यथा भन्न मिलेन । कानूनसम्मत नै देखिने हुँदा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६३।१।१५ मा भएको अन्तिम फैसलालाई कार्यान्वयन गर्ने निर्देशनविपरीत भएको रेखाङ्कनलाई छानबिन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रले रिट निवेदकको के कस्तो कानूनी तथा संविधानप्रदत्त अधिकारमा आघात पुगेको हो सो खुलाउन सकेको नदेखिई निवेदकहरूको हकहितमा असर परेकोसमेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल माघ २२ गते रोज ६ शुभम् ।

## इजलास नं. ८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०१३४, अदालतको अवहेलना, *जिल्ला विकास समिति, भरतपुर चितवनका स्थानीय विकास अधिकारी बन्धुप्रसाद बास्तोलाको वारेस भई पदपूर्ति समिति जिल्ला विकास समिति भरतपुर चितवनको अख्तियार प्राप्त व्यक्ति भीमाकुमारी सापकोटा वि. माधवप्रसाद उप्रेती*

आफ्नो नियुक्ति एवम् वृत्ति विकासको विषयमा बहालवाला कर्मचारीहरू मिति २०६७।५।२९ मा अदालत प्रवेश गरेको र हालसम्म सो कामकारवाही सम्पन्न गर्न पर्याप्त समय प्राप्त भइरहेको सन्दर्भमा समयसीमा कम भयो भन्नु न्यायोचित देखिँदैन । ३ महिनाभित्र कामकारवाही सम्पन्न गर्नु भनी एक पटक आदेश जारी भइसकेको विषयमा अदालतको अपहेलनासम्मको माग दाबी लिई अदालतसम्म आइपुग्दा पनि सो विषयमा कामकारवाही सम्पन्न भएको देखिएन । पदपूर्ति जस्तो नियमित र सामान्य विषयमा यस अदालतसम्म आइपुग्दा पक्षहरूले तमामौ हैरानी तथा दु:ख कष्ट बेहोर्नु पर्ने र कानूनले निर्दिष्ट गरेको कामकारवाही विविध कारण देखाई समयमा सम्पन्न नगर्दा अन्यौलपूर्ण हुनजाने हुन्छ । अत: कर्मचारीको नियमित वृत्ति विकासका सम्बन्धमा कानूनले निर्दिष्ट गरेको समयावधिभित्र पदपूर्ति नगरी अदालतको आदेशले प्रदान गरेको समयसीमासमेत अपर्याप्त भएको भन्ने पुनरावेदन जिकिर मनासिब देखिएन । पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६८।९।२७ को फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल वैशाख २ गते रोज ५ शुभम् ।

## एकल इजलास

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-WO-०२२७, उत्प्रेषण/परमादेश, *नवलकिशोर सिंह वि. ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका, वडा नं. १, कुपण्डोलस्थित बिमा समिति, पदपूर्ति समितिसमेत*

बिमा समिति कर्मचारी सेवा सर्त विनियमावली, २०६८ को विनियम ११ को व्यवस्थाले रिक्त रहेको पदको पदपूर्ति गर्ने, छनौटको प्रक्रिया, प्रतिशत र प्रतियोगिताको किसिम निर्धारण गर्ने तथा पदपूर्ति गर्नुपर्ने पदको लागि विज्ञापन गर्ने, परीक्षा तथा अन्तर्वार्ता लिने र छनौट गरिएका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्ने, पदपूर्तिसम्बन्धी अन्य कामकारवाही गर्ने वा गराउनेसमेत पदपूर्ति समितिलाई पूर्ण अधिकार रहेको देखियो । नियमबमोजिम मिति २०६९।१०।२२ मा खुल्ला प्रतियोगितात्मक प्रक्रियाबाट पदपूर्ति

गर्नको लागि सूचना प्रकाशित भएको विज्ञापन नं. ११/०६९/०७० मा उल्लेख भएबमोजिम सम्पूर्ण प्रक्रिया पुरा गरी निवेदक स्वयम् परीक्षामा सामेल भई परीक्षा दिई मिति २०७२।५।२२ मा नतिजा प्रकाशन भएकोमा उक्त प्रकाशित नतिजामा निज निवेदकको नाम समावेश नभएकोमा विवाद रहेन। बिमा समितिले ढिलो नतिजा प्रकाशनबाट निवेदकको के कस्तो कानूनी संवैधानिक हकमा कसरी असर पर्न गयो भनी पुष्टि गर्नसमेत सकेको देखिएन । परीक्षाको नतिजा ढिलो प्रकाशित हुनु नै मात्र गैरकानूनी तथा अनियमित भयो भनी शङ्काको आधारमा आएको प्रस्तुत रिट निवेदनमा निवेदक परीक्षाका सम्पूर्ण प्रक्रियामा सामेल भई आफ्नो नाम नतिजामा प्रकाशित नभएपछि मात्र बिमा समिति पदपूर्ति समितिद्वारा प्रकाशित विज्ञापन नं. ११/०६९/०७० बिमा समिति कर्मचारी सेवा सर्त विनियमावली, २०६८ को विनियम १५ को १, २, ३ र २५ को विपरीत रहेकोले बदर गरिपाउँ भन्ने निवेदन दाबी सफा हातले आएको नदेखिँदा कानूनसङ्गत रहेको मान्न नसकिने।

अतः बिमा समितिअन्तर्गतको पदपूर्ति समितिले मिति २०७२/६/१, २ र ३ गते अन्तरवार्ताको मिति तोकेकोमा सो अवधिसमेत व्यतित भइसकेबाट निवेदनको औचित्य नै समाप्त भएकोले प्रथम दृष्टिमा नै विपक्षीहरूबाट लिखित जवाफ मगाइरहनु पर्नेसमेत नभई प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल असोज ६ गते रोज ४ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**